
मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका
साझाकुरा
साझाकुरा
राष्ट्रिय दैनिक
www.sajhakuranews.com

**उपभोक्ता अधिकारको रक्षा गरौं ।**
☞ उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाईको अधिकार हुन्छ।
☞ प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
☞ गुणस्तरहीन वस्तु र सेवाबाट हानी पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ ।
*उपभोक्ता हकको रक्षा गरौं,*
*विश्व उपभोक्ता दिवस भव्य रुपमा मनाऔं*
नेपाल सरकार
विज्ञापन बोर्ड

# हेटौंडा नआएको 'हानेपा' फकाउन मुख्यमन्त्रीसहित नेताहरु काठमाडौंमा

साझाकुरा संवाददाता






हेटौंडा, १ चैत/ बागमती प्रदेशमा प्रतिनिधित्व गर्ने सत्ता गठबन्धनमा रहेका दलहरुको बैठक बिहीवार काठमाडौंमा बोलाइएको थियो । तर, गठबन्धनकै ठूलो दल नेकपा एमालेका नेता जगन्नाथ थपलिया आउन नभ्याएपछि बैठक बस्न सकेन ।

नयाँ सरकार गठनको विषयमा छलफल गर्न काठमाडौंमा बिहीवार दिउँसो १ बजे बैठक राखिएको थियो । बैठकमा गठबन्धन बाहिरको हाम्रो नेपाली पार्टी (हानेपा)लाई पनि बोलाइएको थियो । अन्य साना दलले सरकारमा जान इन्कार गरेपछि हानेपा बिना बागमतीमा सरकार बन्ने स्थिति नभएर उसलाई बैठकमा बोलाइएको हो । (एकीकृत समाजवादी) प्रदेश संसदीय दलका नेता कृष्ण शर्मा खनालले एमाले नेता थपलिया आउन नभ्याएका कारण बैठक बस्न नसकेको र शुक्रबार बस्ने बताए ।

बागमतीमा सरकार बनाउन हानेपाको दुई सिट निर्णायक बनेको छ । बागमती प्रदेशसभामा रहेका ७ दलमध्ये नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी) गठबन्धनमा छन् । नयाँ सरकार विस्तारका लागि जारी हिउँदे अधिवेशनअन्तर्गत् बुधवार बैठक बसेर बागमती प्रदेशसभा अनिश्चितकालका लागि स्थगित गरेर नेताहरु काठमाडौं हानिएका थिए । नेकपा माओवादी केन्द्रका नेता शालिकराम जम्कट्टेलको नेतृत्वमा प्रदेश सरकार छ ।

नेपाली कांग्रेसका ६ जना मन्त्रीले २३ फागुनमा राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि जम्कट्टेल अल्पमतमा छन् । संवैधानिक व्यवस्थाअनुसार उनले ३० दिनभित्र विश्वासको मत लिनुपर्छ । गठबन्धनमा रहेका तीन दलको सिट संख्याले मात्रै बागमतीमा सरकार बनाउन बहुमत नपुग्ने भएपछि जम्कट्टेल साना दलको समर्थन जुटाउन लागिपरेका छन् ।

२९ र ३० फागुनमा राखिएको प्रदेशसभा बैठकमा अनुपस्थित हानेपा संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्य हेटौंडा नआएपछि गठबन्धनको बैठक नै काठमाडौंमा राखिएको एक सांसदले जानकारी दिए । उनलाई गत मंगलबार नै हेटौंडा बोलाइएको हो । तर, हेटौंडा आउने तयारी गरेका उनी एकाएक काठमाडौंमै रोकिए । बज्राचार्यलाई फकाउन मुख्यमन्त्री जम्कट्टेल, नेकपा (एकीकृत समाजवादी) प्रदेश संसदीय दलका नेता कृष्ण शर्मा खनाल, माओवादीका सचेतक रत्नप्रसाद ढकालगायतका नेताहरु काठमाडौंमा जुटेका हुन् ।

मुख्यमन्त्री जम्कट्टेलले राप्रपा र हानेपालाई सरकारमा सहभागी हुन औपचारिक प्रस्ताव राखेका छन् । प्रस्तावमा राप्रपा र हानेपा दुवैले सहमति जनाइनसकेको दलका नेताहरु बताउँछन् । आफूबिना सत्ता गठबन्धनले बहुमत पुऱ्याउन नसक्ने देखेपछि हाम्रो नेपाली पार्टीले सरकारमा सहभागी गराउनुपर्ने शर्त राखेको छ । माओवादीका एक सांसदका अनुसार प्रदेशसभामा दुई सांसद रहेको हाम्रो नेपाली पार्टीले दुई मन्त्री वा एक मन्त्री र एक संसदीय समितिको सभापति मागेको छ ।

स्रोतका अनुसार विगतमा सरकारलाई समर्थन गरेवापत हाम्रो नेपाली पार्टीले एउटा मन्त्रालय मागेको थियो । गठबन्धनमा भागबण्डा मिलाउँदा हाम्रो नेपाली पार्टी सरकारबाहिरै पऱ्यो । 'हामीलाई उहाँहरुले बाहिरै राख्नुभयो । पाँचवटा संसदीय समितिमध्ये एउटा सभापति दिनु भन्दा पनि दिनुभएन । जनताका आवश्यकताका योजना माग्दा बजेट दिइएन । सानो दल भएकाले हेपियो', बज्राचार्यले भनेका थिए । विगतमा गरेको व्यवहारका कारण हानेपाले पनि मन्त्रालयमा बार्गेनिङ गरिरहेको नेताहरु बताउँछन् ।

११० सदस्य प्रदेशसभामा सरकारले बहुमत सिद्ध गर्न ५६ सांसदको समर्थन आवश्यक पर्छ । गठबन्धनका एमाले, माओवादी र एकीकृत समाजवादीको सिट संख्या ५५ मात्रै छ । बहुमत जुटाउन हाम्रो नेपाली पार्टीको दुई सिट निर्णायक बनेको छ ।

प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३ (सभामुखसहित), एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीका २ प्रदेशसभा सदस्य छन् । नेमकिपाले सरकारमा सहभागी नहुने बताएको छ ।

# थाहामा ८ कक्षाको परीक्षा दिँदै ५२ वर्षीय गुरुङ

साझाकुरा संवाददाता



हेटौंडा, १ चैत/चैत १ गतेबाट थाहा नगरपालिकामा कक्षा ८ को परीक्षा सुरु भएको छ । आधारभूत तह कक्षा ८ को परीक्षामा थाहा नगरका ५९५ जना विद्यार्थीले परीक्षा दिँदैछन् ।

५९५ मा एक जना ५२ वर्षका व्यक्तिले पनि ८ कक्षाको परीक्षा दिइरहेका छन् । उनी हुन्, सन्तबहादुर गुरुङ । पालुङ क्याम्पस परीक्षा केन्द्रमा झम्केश्वरी माध्यमिक विद्यालयबाट ५२ वर्षका गुरुङ सहभागी भएका हुन् । थाहा-५, फुर्केका गुरुङले झम्केश्वरी माविबाट सिम्बोल नम्बर ८००१८०३४ बाट परीक्षा दिइरहेका छन् । गुरुङ विद्यालय छोडेको ३८ वर्षपछि पुनः विद्यालय भर्ना भएका हुन् ।

५ कक्षासम्म गाउँकै बसन्त प्राविमा अध्ययन गरेका गुरुङले कक्षा ६, ७ र ८ थाहा नगरकै जनकल्याण माविमा अध्ययन गरेका थिए । ८ कक्षामा उनुत्तीर्ण भएपछि ३७ वर्ष अघि विद्यालय छोडेको गुरुङले सुनाए । उनी विद्यालय छोड्दा जम्मा १४ वर्षका मात्र थिए । सामाजिक काममा असाध्यै लगाव दिने गुरुङलाई ८ कक्षा पास गर्ने ठूलो धोको छ । पहिलो दिनको परीक्षा राम्रै भएको बताउने उनले ८ कक्षा पास हुने विश्वास लिए । गुरुङलाई गणित र विज्ञान विषय भने अप्ठेरो लागेको छ ।

गुरुङ गाउँकै बसन्त प्रावि व्यवस्थापन समितिको २ कार्यकाल अध्यक्ष भइसकेका छन् । उनले यही विद्यालयमा कखरा सिकेका हुन् । उनले गाउँको सडक निर्माण समिति, झोलुङ्गे पुल निर्माण समितिलगायत थुप्रै समितिमा बसेर सामाजिक काम गरिसकेका छन् । थाहा नगरपालिकामा सामुदायिक तथा संस्थागत गरी २४ वटा विद्यालय छन् । जसमध्ये ८ वटा विद्यालयलाई परीक्षा केन्द्र तोकेर परीक्षा सञ्चालन भैरहेको थाहा नगरपालिका शिक्षा शाखाप्रमुख माधवबिक्रम मल्लले जानकारी दिए । बिहीवार पहिलो दिन अंग्रेजी बिषयको परीक्षा भएको छ ।

# मकवानपुर रिकभरिङ समूहलाई सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ लागूऔषध दुर्व्यसनीको बीचमा काम गर्दै आएको संस्था मकवानपुर रिकभरिङ समूहलाई डाइनिङ टेबल र कुर्सी सहयोग प्राप्त भएको छ ।

समूहलाई हेटौंडा उपमहानगरपालिका-११ वडा कार्यालयले ३० हजार रुपैयाँ बराबरको डाइनिङ टेबल र कुर्सी सहयोग गरेको हो । वडाध्यक्ष जुना दाहाल र सचिव जीवन ढुङ्गेलले समूहको कार्यालयमा पुगेर समूहका महासचिव सन्दिप शाक्यलाई १६ थान कुर्सी र ४ थान डाइनिङ टेबल सहयोग गरेका हुन् ।

हाल मकवानपुर रिकभरिङ समूहमा ४९ जनाले सेवा लिइरहेका छन् । सहयोग हस्तान्तरण कार्यक्रममा मकवानपुर रिकभरिङ समूहका कार्यक्रम संयोजक उद्धव केसी, कोषाध्यक्ष विनोदलाल श्रेष्ठलगायतको सहभागिता रहेको थियो ।

# कान्तिलोकपथ बिहीवार देखि ४५ दिनसम्म बन्द



साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/हेटौंडा-काठमाडौं जोड्ने कान्तिलोकपथ बिहीवारदेखि ४५ दिनसम्मका लागि बन्द भएको छ । कान्तिलोकमार्गको आवागमन पूर्णरुपमा बन्द भएको हो ।

ललितपुरको काल्चे खण्डको सडक चौडा गर्नका लागि आउँदो वैशाख १५ गतेसम्म कान्ति राजमार्ग बन्द हुन लागेको कान्तिराजमार्ग सडक योजनाका ईञ्जिनियर रवीन्द्र महर्जनले जानकारी दिए । यो सडक ललितपुरको टीकाभैरवबाट तीनपाने भञ्ज्याङ, भट्टेडाँडा, काल्चे, बगुवा हुँदै मकवानपुरको ठिंगन भएर हेटौंडा पुग्छ । उनकाअनुसार काल्चे खण्ड बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म बन्द हुनेछ । यो खण्ड अन्तर्गत झण्डै डेढ किलोमिटर सडक खण्डको साँघुरो ठाउँमा सडक चौडा गर्न लागिएको हो ।

सडकमाथिका कडा चट्टान काट्ने काम सुरु भएको र काम सक्न ४५ दिन लाग्ने योजनाको अनुमान छ । ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठको अध्यक्षतामा फागुन १६ गते बसेको बैठकले कान्तिलोकपथ खण्डमा एम्बुलेन्सलगायत अन्य अत्यावश्यक सेवाका गाडीलाई सञ्चालन गर्न सहजीकरण गर्ने निर्णयसमेत गरेको छ ।

वि.सं २०१३ मा शिलान्यास गरिएको काठमाडौलाई हेटौंडासँग जोड्ने सडक मार्गको पाँच किलोमिटर भाग अझै कालोपत्रे हुन बाँकी रहेको ईञ्जिनियर महर्जनले बताए । सरकारले प्राथमिकता नदिँदा र विगतमा निर्माणको जिम्मा लिएका ठेकेदार कम्पनीले ढिलासुस्ती गरेर काम गर्दा यो सडक निर्माण ६७ वर्षदेखि निर्माणाधीन अवस्थामै छ । कान्ति राजमार्गको हेटौंडा बुद्धचोकबाट ललितपुरको सातदोबाटोसम्म लम्बाइ ९२ किलोमिटर छ ।

# रातोमाटेबाट गाँजासहित दुईजना पक्राउ

साझाकुरा संवाददाता




हेटौंडा, १ चैत/प्रहरीचौकी रातोमाटे मकवानपुरबाट खटिएको प्रहरीटोलीले बिहीबार ११ किलो गाँजासहित दुईजनालाई पक्राउ गरेको छ ।

हेटौंडा-१५, रातोमाटे चेकपोष्टस्थित सडकमा सवारीसाधन चेक गर्ने क्रममा दुई जनालाई गाँजा ओसारपसार गरेको आरोपमा प्रहरीले नियन्त्रणमा लिएको हो । नारायणघाटबाट वीरगञ्जतर्फ जाँदै गरेको वा. ४ ख ५९३७ नम्बर यात्रुबाहक बसका यात्री सर्लाहीको बलरा नपा वडा-६ बस्ने वर्ष २१ का सुजितकुमार सहनी र वर्ष २० का सरोजकुमार सहनीलाई नियन्त्रणमा लिएको छ ।

उनीहरुलाई शंका लागेर खानतलासी गर्दा उनीहरुले बोकेको झोलाभित्र लुकाइ ल्याएको अवस्थामा ११ किलो १ सय ग्राम लागुऔषध गाँजा फेला परेको हो । लागुऔषध गाँजासहित सहनीद्वयलाई नियन्त्रणमा लिइ मकवानपुर जिल्ला अदालतबाट १० दिन म्याद अनुमतिसहित थप अनुसन्धान कार्य भइरहेको छ ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**
**अब निराश नहुनुहोस्...**
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
**हाम्रा विशेषताहरूः**
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालयः
सितलमहल चोकबाट ॐ हल जाने बाटोमा
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

## सत्ता संकटको भुमरी

बागमती प्रदेशमा दुइ सिटको हाम्रो नेपाली पार्टी सरकारमा आउन आलटाल गरिरहेका बेला सत्तागठबन्धनका दुई प्रमुखघटक नेकपा एमाले र माओवादी केन्द्र राप्रपालाई फकाउने कसरतमा छन् । प्रदेश सरकारको नेतृत्व गरि रहेको माओवादी केन्द्र र गठबन्धनको ठूलो दल नेकपा एमालेले राप्रपालाई सरकारमा सहभागी हुन औपचारिक प्रस्ताव राखेको छ । राप्रपाले भने परिस्थिति हेरेर निर्णय लिने जवाफ दिएको छ । राप्रपासहित गठबन्धनको सरकार बने ६८ सांसदको समर्थन रहन्छ । राप्रपा बागमती प्रदेश संसदीय दलले परिस्थिति हेरेर निर्णय लिने बताएको छ । लुम्बिनी प्रदेशमा सात सिट भएको एउटा दलका ५ जना मन्त्री बनेको समाचार आएको थियो । यतिबेला प्रदेशमा ठूला दल भन्दा पनि साना दलको महत्व बढेको देखिन्छ । साना दलको हातमा 'चिची पनि पापा पनि' भनेझैं भएको छ । समर्थन जुटाउने होडबाजीले अनैतिक साँठगाँठदेखि लेनदेनसम्म भएको इतिहास छ ।

बागमती प्रदेश सरकारमा सहभागी हुन नसक्ने गरी पार्टीले निर्णय नगरेको बताउँदै अवस्था हेरेर शालिकराम जम्कट्टेल नेतृत्वको सरकारलाई समर्थन गर्न सक्ने संकेत राप्रपाले दिएको छ । बागमतीमा गठबन्धनका माओवादी, एमाले, नेकपा (एकीकृत समाजवादी) र राप्रपा मिले सहजै सरकार बन्छ । तर, राप्रपा पनि सहजै सरकारमा सहभागी हुने स्थितिमा देखिँदैन । ११० सदस्य प्रदेशसभामा सरकारलाई बहुमत पुऱ्याउन ५६ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३ (सभामुखसहित), एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीका २ प्रदेशसभा सदस्य छन् । अनिर्णयको बन्दी हुने अवस्था आएमा, निर्वाचनमा जाने अवस्था र हामीले नै निकाश दिनपर्ने अवस्थामा पार्टीले सहज निर्णय गर्ने राप्रपाले बताएको छ । वर्तमान अवस्थामै प्रदेश सरकारमा जान नसक्ने भन्दै राप्रपाले बार्गेनिङ पावर बढाउन खोजिरहेको अवस्था पनि छ । राप्रपाले दहीचिउरे नीति अवलम्बन गर्न खोजेको जस्तो देखिन्छ । तत्काल आन्दोलनलाई अगाडि बढाउने पनि भन्दैछ र सरकारमा जाने पनि भन्दैछ । यसको मतलब राप्रपा 'चिची पनि पापा पनि' खोज्दै छ । राप्रपालाई सडकमा उठाइएका मुद्दा सदनमा प्रस्तुत गर्नु भनेर निर्वाचनबाट जनताले म्यान्डेट दिएको बताउँदै आएको छ । पहिला सरकारबाट राजीनामा दिएर निस्किएको राप्रपा अहिले सरकारमा जाने वा सडकमा संघर्ष गर्ने दुबै बिकल्प खुला राखेर अगाडि बढिरहेको देखिन्छ । सरकारपक्ष र एमालेले राप्रपा भएमा सुविधाजनक हुने र काम गर्ने वातावरण बन्ने भएकाले सरकारमा आउन प्रस्ताव गरेको बताइएको छ । राप्रपाले अहिले हतार गरेर सत्तामा गइहाल्ने हाम्रो इच्छा हैन पनि भन्दैछ र सरकारमा जान पनि बार्गेनिङ गर्दैछ । मुख्यमन्त्री जम्कट्टेल नयाँ सरकार विस्तारलाई लिएर संकटमा छन् । केन्द्रीय गठबन्धनका साझेदार दलमध्ये प्रदेशसभामा प्रतिनिधित्व गर्ने नेकपा एमाले, नेकपा माओवादी र नेकपा (एकीकृत समाजवादी)को सिट संख्याले मात्रै सरकार बनाउन बहुमत नपुग्ने भएकाले साना दललाई समेट्नु पर्ने दबाव छ ।

२३ फागुनमा नेपाली कांग्रेसका ६ जना मन्त्रीले राजीनामा दिएर सरकारलाई लिएको समर्थन फिर्ता गरेसँगै जम्कट्टेल अल्पमतमा छन् । विश्वासको मत पाउन जम्कट्टेललाई राप्रपा, हाम्रो नेपाली पार्टी (हानेपा) र नेपाल मजदुर किसान पार्टी (नेमकिपा) लाई सरकारमा ल्याउनुको विकल्प छैन । नेमकिपा सरकारमा नजाने निश्चित प्राय: छ । गठबन्धन बाहिरका कांग्रेस, राप्रपा र हानेपा मिले पनि सरकार बन्ने अवस्था छैन । २५ पुस ०७९ मा गठित आफ्नै नेतृत्वको सरकारलाई समर्थन गरेर विश्वासको मत दिएको हानेपालाई सरकारमा सहभागी गराउन मुख्यमन्त्री जम्कट्टेल लागिपरेका छन् । तर, हानेपाले जम्कट्टेलको सरकारमा सहभागी हुने प्रस्ताव सहजै स्वीकार नगरेकोले उनलाई दबाब बढेको छ । नेपाली कांग्रेसले पनि हानेपालाई रोक्न प्रयास गरिरहेको छ । जसकारण जम्कट्टेल राप्रपाको समर्थन खोजी गरिरहेका छन् । बागमतीको १२ सदस्यीय मन्त्रिपरिषदमा हाल सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रबाट मुख्यमन्त्रीसहित चार, नेकपा (एकीकृत समाजवादी)का दुई जना मन्त्री छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चेत ३ गते शनिबार १६ मार्च २०२४ । सप्तमी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:१४, सूर्यास्त ६:१२ । विश्व उपभोक्ता दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आर्थिक लाभ | **तुला** | : धर्मबाट सन्तोष |
| **वृष** | : विदेशबाट लाभ | **वृश्चिक** | : कार्यमा अवरोध |
| **मिथुन** | : आफन्तमा विवाद | **धनु** | : स्वजनबाट विरोध |
| **कर्कट** | : स्थानान्तरणको योग | **मकर** | : शैक्षिककार्यमा बाधा |
| **सिंह** | : सन्तान पक्षबाट नैराश्यता | **कुम्भ** | : सन्तान पक्षबाट सन्तोष |
| **कन्या** | : पराक्रम वृद्धि | **मीन** | : आफन्तमा विवाद |

# नेपाली धितोपत्र बजार : तरलता समस्या र समाधान



✍ विष्णुप्रसाद बस्याल

**वित्तीय तरलता के हो ?**

भौतिक शास्त्रमा तरलताले पदार्थको प्रवाह गर्ने क्षमता बुझाउँछ, जुन कुरा वित्तीय बजारमा पनि तरलता भन्नाले यस्तै प्रकृतिको अर्थलाई नै परिभाषित गर्दछ । वित्तीय तरलताले सम्पत्तिको आन्तरिक मूल्य कायम राख्दै अर्को सम्पत्तिमा रूपान्तरण गर्ने क्षमता जनाउँछ । बेच्न गाह्रो हुने सम्पत्तिलाई कम तरल सम्पत्ति मानिन्छ । अर्थात्, सजिलै नगदमा रूपान्तरण गर्न नसकिने वित्तीय सम्पत्तिलाई अतरल सम्पत्तिका रूपमा लिन सकिन्छ ।

**सेयर बजारमा तरलता के हो ?**

सेयर बजारमा तरलता भन्नाले कुनै पनि सेयर किन्दा वा बेच्दा उक्त सेयर मूल्यमा धेरै प्रभाव नपरी तुरुन्तै किनबेच गर्न नसकिने अवस्था जनाउँछ। कुनै पनि सेयर एक समयमा किन्दा वा बेच्दा किन्ने वा बेच्नेबीचको मूल्यको अन्तर (बिड आस्क स्प्रेड) बढी भएको खण्डमा त्यस्तो सेयरलाई कम तरल सेयर भनेर बुझ्न जरुरी छ ।

तत्काल खरिद वा बिक्री मूल्यबीचको भिन्नतालाई खरिद वा बिक्रीकर्ताद्वारा भुक्तान गरिएको अतिरिक्त शुल्कका रूपमा लिन सकिन्छ, र यसले समग्र लेनदेन लागतको एक महत्त्वपूर्ण भाग प्रतिनिधित्व गर्दछ । साथै, दैनिक कारोबारमा आउने सेयर संख्या (सेयर भोलुम) तरलताको अर्को सूचक हो। उच्च दैनिक सेयर भोलुम भनेको कुनै विशेष स्टकका लागि बढी बजार चासो छ भन्ने बुझाउँछ जुन अधिक तरलताको संकेत हो भने न्यून दैनिक सेयर भोलुमले कम तरलताको संकेत गर्दछ ।

त्यसैले एउटा तर्क के दिन सक्छ भने निकै कम कित्ता वा एक कित्तामात्र कारोबार भयो भने एक कित्ता सेयरको राफसाफ गर्न न्यूनतम खर्च लाग्ने गर्छ तसर्थ एक कित्तामात्र सेयर कारोबार गर्न निरुत्साहित गर्न उक्त व्यवस्था गरिएको हो । तर, यी खालका कुनै पनि आधार नेप्सेले अहिलेसम्म प्रष्ट पार्न सकेको छैन ।

कुनै पनि स्टक मार्केटमा तरलताको ठूलो योगदान हुन्छ । नेपाली स्टक मार्केट अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा तुलना गर्दा निकै कम तरल बजारका रूपमा लिन सकिन्छ । कम तरल स्टक मार्केट बढी जोखिमयुक्त हुने गर्दछ । नेपाली बजारमा उच्च उतारचढावका विभिन्न कारणमध्ये न्यून तरलता पनि प्रमुख कारक हो । कम तरल बजारमा संस्थागत लगानीकर्ताका लागि पनि अनुपयोगी बजार हुन जान्छ । तसर्थ, नेपाली पूँजी बजारलाई कम जोखिमपूर्ण बनाउन अर्थात् उच्च उतारचढाव कम गर्न निम्न समस्या पहिचान गरी प्रस्तावित सुझाव यथासम्भव छिटो लागु गर्नुपर्ने देखिन्छ ।

**कमसेकम सेयर कारोबार संख्या**

नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा अहिलेको विद्यमान व्यवस्था अनुसार कुनै पनि लगानीकर्ताले कुनै पनि सेयर कारोबार गर्नुपर्दा कमसेकम १० कित्ता मात्रै कारोबार गर्न पाउने नियम बनाएको छ। यो नियम किन बनाइयो र यसको औचित्य के हो भन्ने कुरा नेप्सेले अहिलेसम्म प्रष्ट पार्न सकेको छैन । यद्यपि, नेप्सेले एउटा तर्क के दिन सक्छ भने निकै कम कित्ता वा एक कित्तामात्र कारोबार भयो भने एक कित्ता सेयरको राफसाफ गर्न न्यूनतम खर्च लाग्ने गर्छ तसर्थ एक कित्तामात्र सेयर कारोबार गर्न निरुत्साहित गर्न उक्त व्यवस्था गरिएको हो । तर, यी खालका कुनै पनि आधार नेप्सेले अहिलेसम्म प्रष्ट पार्न सकेको छैन ।

हाल नेप्सेले यस्ता किसिमका कारोबारलाई 'अड लट' कारोबार मार्फत गर्न सकिन्छ भनेर भनेको छ । तर, पनि यदि नेपालको कम्पनी ऐनअनुसार कमसेकम एक कित्ता सेयर पनि सेयरहोल्डरले धारण गर्न सक्ने व्यवस्था भएकाले नेप्सेले कमसेकम १० कित्तामात्र सेयरको कारोबार गर्न पाउने गैरजरुरी र अव्यावहारिक पुरानो व्यवस्थामा तुरुन्तै सुधार गर्न जरुरी देखिन्छ।

कमसेकम एक कित्ता सेयर कारोबार अड लट कारोबार मार्फत नभई 'नर्मल विन्डो' मार्फत नै कारोबार गर्न पाउने व्यवस्था गर्न जरुरी छ । उदाहरणका लागि यदि युनिलिभर नेपाल लिमिटेडको कमसेकम १० कित्ता सेयर कारोबार गर्नुपऱ्यो भने आजको मितिमा एउटा लगानीकर्ताले ३ लाख ८४ हजार ५ सय ३० रुपैयाँ बराबर कारोबार गर्नुपर्ने हुन्छ, जुन निकै अव्यावहारिक हुन जान्छ।

यदि कुनै पनि व्यक्ति वा संस्थाले १ कित्ता मात्रै सेयर कारोबार गरेको छ र त्यस कारणले ब्रोकर वा अन्य कारोबार राफसाफ गर्ने संस्थालाई न्यूनतम खर्च लाग्छ भने कुनै पनि कारोबार गरे बापत न्यूनतम यति रकम तिर्नुपर्ने व्यवस्था गरिदिन उचित हुन्छ ।

**दैनिक कारोबारमा किनबेच गर्दा लगाइने लिमिट अर्डर सीमा**

विद्यमान् व्यवस्था अनुसार कुनै पनि व्यक्ति वा संस्था दैनिक रूपमा कारोबार गर्दा कुनै पनि सेयर किनबेच गर्नुपरेको खण्डमा उसले 'लिमिट अर्डर' राख्दा पछिल्लो कारोबार भएको मूल्यमा २ प्रतिशत मात्र तल वा माथि राख्न पाउने व्यवस्था गरेको छ ।

यस्तो किसिमको व्यवस्था पनि असान्दर्भिक तथा अव्यावहारिक खालको नियम हो । यदि कुनै पनि व्यक्तिले आज कुनै पनि सेयरको मूल्य नेप्सेले तोकेको माथिल्लो वा तल्लो 'सर्किट लिमिट' भित्र रहेर जुनसुकै मूल्यमा पनि किन्न वा बेच्न एकाबिहानै लिमिट अर्डर राखेर अरू काममा लाग्छु भन्न पाउनुपर्छ ।

पछिल्लो कारोबार भएको मूल्यमा २ प्रतिशत मात्र तल वा माथि मात्रै अर्डर राख्न पाउने नियमले दिनभरि कुनै पनि सेयरको मूल्य के भयो भनेर बारम्बार हेरिरहनुपर्ने झन्झटिलो प्रक्रिया दोहोऱ्याउने मात्र नभई बजार मूल्यलाई नियन्त्रित वा हेरफेर गर्न खोज्ने तत्वलाई सहयोग पुऱ्याउँछ ।

**दैनिक मूल्य दायरा**

नेप्सेले व्यवस्था गरेको हालको नियम अनुसार कुनै पनि सेयरको उच्चतम र न्यूनतम दैनिक मूल्य (डेली सर्किट लिमिट) सबै सेयरमा दैनिक १० प्रतिशतले तोकिदिएको छ । तर, सबै सेयरमा दैनिक १० प्रतिशत मात्रै मूल्य दायरा तोक्दा यसले अरू विभिन्न प्रकारका समस्या निम्त्याउने गर्छ । बजार मूल्य नियन्त्रण वा प्रभावित पार्न खोज्ने तत्वले कम फ्लोट भएको सेयरलाई १० प्रतिशत तल वा माथि मूल्य पुऱ्याएर बजारमा चलखेल गरेको देखन पाइन्छ । यदि कुनै पनि सेयरमा लगातार १० प्रतिशतको दैनिक सर्किट लाग्ने क्रम एउटा निश्चित अवधिमा धेरैपटक दोहोरिएको खण्डमा उक्त कम्पनीको सेयर कारोबार गर्दा दैनिक १० प्रतिशत भन्दा पनि कामको सर्किट लिमिट राख्न जरुरी छ । उदाहरणका लागि त्यस्तो प्रकृतिको सेयरमा अब उपरान्त ५ प्रतिशत सर्किट लिमिट लाग्ने छ, जसले बजारका केही अवाञ्छित तत्वले दैनिक मूल्य नियन्त्रण वा प्रभावित पर्ने खालको गतिविधि निरुत्साहित गर्न सकियोस् ।

**म्याचिङ अर्डर वा दुई व्यक्ति वा संस्थाबीच कारोबार**

नेप्सेले विधमान् कारोबार प्रणाली अन्तर्गत, कुनै दुई व्यक्ति वा संस्थाबीच आपसी समझदारीका आधारमा गरिने कारोबारलाई 'म्याचिङ अर्डर' का रूपमा कारोबार गराउने गरेको छ । जुन कारोबार आमलगानीकर्ताले प्रयोग गर्ने सामान्य कारोबार विन्डोबाट गराउने गरिराखेको छ । यस्तो प्रकृतिको कारोबारलाई आमलगानीकर्ताले प्रयोग गर्ने विन्डोमार्फत गराउँदा नेप्सेले प्रयोग गर्ने 'एनोनिमस म्याचिङ अर्डर सिस्टम' उल्लंघन हुन जान्छ ।

आमलगानीकर्ताको सेयर मूल्यमा प्रत्यक्ष प्रभाव पार्ने म्याचिङ अर्डर सिस्टमलाई नेप्सेले एनोनिमस म्याचिङ अर्डर सिस्टम विन्डोबाट गराउनु कदाचित न्यायोचित हुँदैन । कुनै दुई व्यक्ति वा संस्थाबीचको आपसी समझदारीका आधारमा गरिने कारोबारका कारण आमलगानीकर्ताको सेयर मूल्यमा प्रभाव पर्नु भनेको आमलगानीकर्ताको सेयर र सम्पूर्ण बजार पूँजीकरण प्रभावमा पार्नु हो। तसर्थ, कुनै दुई व्यक्ति वा संस्थाबीचको आपसी समझदारीका आधारमा गरिने कारोबार लाई अन्तर्राष्ट्रिय प्रचलन अनुसार नेप्सेले छुट्टै 'ब्लक डिल' वा 'बल्क डिल' विन्डो प्रणाली अनुसार गराउनुपर्ने हुन्छ । छुट्टै ब्लक डिल वा बल्क डिल विन्डोमार्फत गरिएको कारोबारको तथ्यांक भने नेप्सेले आफ्नो वेबसाइट मार्फत प्रकाशित गर्नुपर्ने हुन्छ ।

**ब्याड डेलिभरी पेनाल्टी सिस्टम**

अहिलेको व्यवस्था अनुसार यदि कुनै लगानीकर्ताले सेयर बिक्री गरिसकेपछि 'सेटलमेन्ट' समयभित्र त्यो सेयरको 'ई-डीआईएस' गर्दैन भने त्यो सेयर 'ब्याड डेलिभरी' का रूपमा मानिन्छ र त्यस्तो अवस्थामा सेयर बिक्रीकर्ताले २० प्रतिशत 'पेनाल्टी' तिर्नुपर्ने हुन्छ । ब्याड डेलिभरी भएको अवस्थामामा नेप्सेले त्यो सेयर किन्ने मान्छेलाई डेलिभरी दिनु उसको दायित्व हुन्छ । तसर्थ, सेयर खरिदकर्तालाई डेलिभरी दिन नसकेको अवस्थामा खरिदकर्तालाई उचित हर्जना दिनुपर्ने व्यवस्था जायज पनि हो । तर, सेयर बिक्रीकर्ताले डेलिभरी दिन नसक्नुका पछाडि उसको नियतमात्र नभई अरू कुनै वास्तविक कारण हुन सक्छ ।

तसर्थ, यस्तो परिस्थिति सिर्जना भए नेप्सेले समाधानका अरू उपाय पनि खोज्न जरुरी छ । सेयर डेलिभरी सुनिश्चित गर्न बिक्रीकर्ताले अरू कुनै साथी वा संस्थामार्फत सेयर सापटी लिन पाउने व्यवस्था नेप्सेले मिलाउनुपर्ने देखिन्छ । साथै, डेलिभरी सुनिश्चित गर्न नेप्सेले 'अक्सन मार्केट' छिटोभन्दा छिटो सञ्चालन गर्नुपर्ने देखिन्छ । यी सबै व्यवस्था गरिसकेपछि पनि यदि कुनै बिक्रीकर्ताले डेलिभरी दिन सकेन भने मात्र २० प्रतिशत पेनाल्टी लगाउने व्यवस्था गर्न जरुरी हुन्छ । तर, सिधै २० प्रतिशत पेनाल्टी लगाउनुको सट्टा माथि उल्लेखित समाधानका उपाय खोज्न जरुरी छ ।

**सेयर रोक्का तथा फुकुवा सम्बन्धी व्यवस्था**

विद्यमान् व्यवस्था अनुसार यदि लगानीकर्ताले कुनै पनि सेयर बैंक तथा वित्तीय संस्थामार्फत रोक्का गरेको छ भने त्यस्तो सेयर लाई बेच्नुपर्ने अवस्थामा पहिला त्यो सेयर फुकुवा गरिसकेपछि मात्र बेच्न पाउने स्थिति छ । सन् २०२० जुलाई अगाडि लगानीकर्ताले रोक्का राखेको सेयर बिक्री गर्नुपरेको खण्डमा बेच्न पाउने व्यवस्था थियो । यसरी रोक्का राखिएको सेयर बिक्री गरिसकेपछि उक्त सेयरको डेलिभरी सुनिश्चित गर्नुपर्ने दायित्व भने लगानीकर्ता स्वयम्को हुन जान्थ्यो ।

तसर्थ, लगानीकर्ताले यदि रोक्का राखिएको सेयर फुकुवा नगरी बिक्री गरेको खण्डमा त्यही दिन वा अर्को दिन बैंक तथा वित्तीय संस्थामा गएर फुकुवा गरा 'टी प्लस २' दिनभित्र डेलिभरी सुनिश्चित गरेको हुन्थ्यो । तर, २०२० जुलाईपछि नेप्सेले यो व्यवस्था परिमार्जन गरेर फुकुवा नगरी सेयर बिक्री गर्न नमिल्ने गरेको थियो । यदि लगानीकर्ता स्वयमले टी प्लस २ दिनभित्र डेलिभरी सुनिश्चित गर्न नसकेको खण्डमा नेप्सेले तोके बमोजिम पेनाल्टी तिर्न तयार छु भनेको अवस्थामा कारोबारी र ब्रोकरको सहमति आधारमा सेयर फुकुवा नगरिसकेको अवस्थामा पनि बिक्री गर्न पौने अधिकारको सुनिश्चित गर्न जरुरी छ ।

**टीएमएस र सीडीएसबीच डाटा सिंक्रोनाइजेसन**

हालको व्यवस्था अनुसार टीएमएस र सीडीएसबीचमा सेयरको तथ्यांक मिलान (डाटा सिंक्रोनाइजेसन) बिहान वा साँझ बजार बन्द भएपछि मात्रै हुने गरेको छ । यस किसिमको तथ्यांक मिलान वास्तविक समय (रियल टाइमी हुन जरुरी छ । तसर्थ, टीएमएस र सीडीएस सिस्टमले वास्तविक समयमा 'एपीआई' मार्फत एकापसमा संवाद गरेर वास्तविक समयको सेयरको तथ्यांक मिलान गर्न जरुरी देखिन्छ ।

**इन्ट्राडे कारोबार तथा आज किनेको सेयर भोलि नै बेच्न पाउने व्यवस्था**

नेप्सेले बजारको तरलता बढाउन तथा कारोबार संख्या र रकम बढाउन यथासक्दो छिटो केही तरल स्टकमा 'इन्ट्राडे' कारोबार सुरु गर्न जरुरी देखिन्छ । साथै, आज किनेको सेयर भोलि नै बेच्न पाउने व्यवस्था पनि गर्न जरुरी देखिन्छ । यसो गरेको खण्डमा दैनिक सेयर कारोबार संख्या र रकम दुवैमा बढोत्तरी हुन जान्छ ।

यस्तो खालको व्यवस्थाले नेप्से, ब्रोकर तथा लगानीकर्तालाई फाइदा हुन गई सरकारलाई पनि राजस्वमा महत्वपूर्ण सहयोग पुऱ्याउने काम गर्दछ । तसर्थ, नेप्सेले छिटोभन्दा छिटो तुरुन्तै प्रभावमा आउने गरी निश्चित तरल स्टकमा इन्ट्राडे कारोबार तथा आज किनेको सेयर भोलि नै बेच्न पाउने व्यवस्था सुनिश्चित गर्न जरुरी छ ।

आज किनेको सेयर भोलि नै बेचेको अवस्थामा लगानीकर्ताले आज किनेको सेयरको टी प्लस २ दिनभित्र डेलिभरी आएन भने उसले भोलि नै बेचेको सेयर पनि डेलिभरी दिन नसक्ने अवस्था जरुर सिर्जना हुन जान्छ । तर, लगानीकर्ताले यस्तो अवस्था सिर्जित भएको खण्डमा नेप्सेले तोके बमोजिमको पेनाल्टी तिर्न तयार छु भनेर आजै किनेको सेयर उचित मूल्य पाए भोलि नै बेच्छु भनेर भन्छ भने लगानीकर्तालाई उक्त व्यवस्था उपलब्ध गराउन जरुरी देखिन्छ । यसले लगानीकर्ताले अभिप्रेरित मूल्यमा सेयर खरिद-बिक्री गर्न पाउने व्यवस्था सुनिश्चित गर्नुका साथै सेयर बजारलाई अधिक तरल बनाउने काम गर्दछ ।

**सर्वसाधारणमा परिणत भएको संस्थापक सेयर बेच्ने छुट्टै व्यवस्था**

हालमा कुनै पनि निश्चित अवधिको 'लक-इन' पछि संस्थापक सेयरधनीले संस्थापक सेयरलाई सर्र्वसाधारणमा परिणत गरी संस्थापकले खुला बजारमा नै बेच्न पाउने व्यवस्था गरिएको छ । तर, यसरी लक-इन अवधि सकिएपछि सर्वसाधारणमा परिणत भएको संस्थापकको सेयर बेच्दा खुला बजारमा सर्वसाधारणले प्रयोग गर्ने विन्डोबाट नै बिक्री हुने व्यवस्थाले गर्दा सर्वसाधारणले धारण गरेको सेयर मूल्यमा उच्च गिरावट आउने गरेको छ ।

यो व्यवस्थाका कारणले मूल्यमा हुने उच्च गिरावट रोक्न सम्बन्धित नियामकीय निकायले संस्थापकले सेयर बिक्री गर्नुपरेको खण्डमा खुला बजारमा बेच्न नपाइकन छुट्टै 'अफर फर सेल' मार्फत छुट्टै विन्डो प्रयोग गरी बेच्न पाउने व्यवस्था गर्नु जरुरी छ। साथै, अफर फर सेलमार्फत संस्थापकले आफ्नो सेयर बिक्री गर्ने क्रममा सर्वसाधारणमा परिणत भएको सेयर बिक्री गर्दा एकैचोटि नबेची निश्चित प्रतिशत र निश्चित अवधिमा अफर फर सेल विन्डोमार्फत नै बेच्न पाउने व्यवस्था गर्न जरुरी छ ।

**सेयर विभाजन**

नेपालको पूँजी बजारलाई अधिक तरल बनाउन उच्च मूल्य भएका सेयरलाई विभाजन गर्न पाउने व्यवस्था गर्न जरुरी देखिन्छ । यसका लागि विद्यमान् कम्पनी ऐनमा परिवर्तन गर्नुपर्ने आवश्यकता पनि देखिन्छ । हालको व्यवस्था अनुसार कम्पनी ऐनले न्यूनतम प्रतिसेयर चुक्ता मूल्य (फेस भ्यालु) ५० रुपैयाँ तथा त्यसपछि १० रुपैयाँको गुणकमा कायम गर्नुपर्ने व्यवस्था गरेको छ ।

सेयर विभाजन (सेयर स्प्लिट) मा बाधक बनेको वर्तमान कम्पनी ऐन संशोधनका गर्न नेप्से तथा नेपाल धितोपत्र बोर्ड (सेबोन) सम्बन्धित निकायमा पहल गर्न जरुरी देखिन्छ । हालको कम्पनी ऐन संशोधन गरी न्यूनतम प्रतिसेयर चुक्ता मूल्य १ तथा त्यसपछि १ को गुणकमा कायम गर्नुपर्ने व्यवस्था गर्न जरुरी देखिन्छ । यसरी नेपाली पूँजी बजारलाई अधिक तरल बनाउन र केही उच्च मूल्य भएका सेयर सर्वसाधारणको पहुँचमा ल्याउन सेयर विभाजन गर्न पाउने व्यवस्था सम्बन्धित कम्पनी ऐनमा संशोधन गरी तुरुन्तै ल्याउनुपर्ने आवश्यकता देखिन्छ । *(साभार: अनलाइनखबर)*

# परिवारवाद र नातावादको घेरामा प्रधानमन्त्री

✍ आरपी गैरे

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' परिवारवाद र नातावादका घेराभित्र फसेका छन् । जबसम्म उनले त्यो घेरा तोड्न सक्दैनन्, तबसम्म उनले केही गर्न सक्दैनन् ।

विगतदेखि अहिलेसम्म परिवारवाद र नातावादको आरोप खेप्दै प्रचण्ड राजनीतिमा अघि बढिरहेका छन् । राजनीति सधैं सिधा बाटोमा हिँड्दैन, उल्टोपाल्टो हुँदै हिँडिरहेको हुन्छ । त्यही बाटोमा प्रचण्ड हिँडिरहेका छन् । यसले उनलाई राजनीतिक जीवनमा कहाँसम्म र कति समयसम्म सफल बनाउने हो, त्यो भने ठ्याक्कै अहिले अनुमान गर्न सकिँदैन । प्रचण्ड राजनीतिका चलायमान र चतुर खेलाडी हुन् । यो चतुऱ्याइँले कहिलेकाहीं आफैंलाई पल्टाउन सक्ने खतरा पनि हुन सक्छह यो हेक्का प्रचण्डसँग छ या छैन, त्यो भन्न सकिँदैन । राजनीति सधैं एकनासले हिँडिरहेको हुँदैन । कहिलेकाहीं उतार चढाव पनि भोग्नुपर्ने हुन्छ । प्रचण्ड दशवर्षे जनयुद्धको नेतृत्व गरेर शान्तिपूर्ण राजनीतिमा आएका नायक हुन् ।

जनयुद्धकालमा विश्वको ध्यान आफूतिर केन्द्रित गर्न सफल नेता हुन् उनी तर उनले जतिपटक सरकारको नेतृत्व गर्दै आएका छन्, त्यतिपटक नातावाद र परिवारवादको आलोचना खेपिरहनुपरेको छ । देश र जनताको मुक्तिका निम्ति उनी राजनीतिमा होमिएका हुन् भने उनले साँच्चै नातावाद, परिवारवाद, अवसरवादको घेरा तोड्नैपर्छ ।

उनले प्रधानमन्त्री कार्यालयको सचिवालय चुस्तदुरुस्त बनाउन सकेनन् । नातापाता, आफन्त, आसेपासे मात्र राखेर सचिवालय भरेका छन् । यसप्रति आम जनताको ठुलो आलोचना छ । विगतमा पनि यस्तै आलोचना नभएको होइन । आलोचना सुनेर पनि नसुनेजस्तो बहाना गर्नुहुँदैन ।

राजनीति भनेको आलोचना सुन्दै, सहँदै अघि बढ्ने चिज हो । त्यत्रो जनयुद्ध गरेर शान्तिपूर्ण मूलधारमा पार्टीलाई ल्याउन सफल प्रचण्ड अब यो ढंगले अघि बढ्न हुँदैन । अब उनी देश र जनताको भाग्य र भविष्य निर्माण गर्ने दिशामा अघि बढ्नुपर्छ । अब सारा घेरा तोडेर परिवारवाद, नातावाद, अवसरवादको पनि क्रम भङ्ग गर्न जरुरी छ । यसले उनको पार्टी र उनैलाई फाइदा हुने देखिन्छ ।

पहिलो संविधानसभामा बहुमत ल्याएर एक्लै सरकार बनाउन सफल भएको माओवादी पार्टी समयक्रमसँगै किन खुम्चिँदै आउनुपरेको छ । जनताले यो पार्टीलाई किन मन पराउन छाडे ? उल्टोपाल्टो गर्दै सरकारमा जानु र सरकारको नेतृत्व गर्नु ठूलो कुरा होइन । पहिलो संविधानसभामा पहिलो भएको माओवादी पार्टी त्यसपछिका चुनावमा तेस्रो दलभन्दा माथि जान सकेन । कहिले एमालेसँग गठबन्धन, कहिले कांग्रेससँग गठबन्धन गरेर सरकारमा जानु र आफ्ना वरिपरिका नेतालाई मात्र मन्त्री बनाएर खुसी बनाउनु ठूलो कुरा होइन । प्रचण्ड बाँचुन्जेल यसैगरी पार्टी चल्ला, त्यसपछि के हुन्छ ? सुरुका दिनमा माओवादी पार्टी आम जनताको भरोसा र आशाको पार्टी थियो । बिस्तारै किन यो पार्टीप्रति जनताको वितृष्णा जाग्यो ? यो माओवादी पार्टीभित्र बहस हुनुपर्ने कुरा हो ।

प्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष समेत रहेका प्रचण्ड 'परिवार वाद'मा फस्दै गएको आरोप विगतदेखि नै लाग्दै आएको हो ।

*क्रमश: पृष्ठ-३...*

# प्रचण्डलाई गलत भन्नेहरू कति सही छन् ?

काठमाडौं/तेस्रोपटक प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल प्रचण्डले गठबन्धन परिवर्तनसँगै बुधबार विश्वासको मत लिए । १० पुस २०७९ मा प्रधानमन्त्री बनेका प्रचण्डले १५ महिना अवधिमा तीन पटक विश्वासको मत लिइसके ।

योसँगै उनीमाथि फरक-फरक समयमा धोका दिएको र विश्वासघात गरेको आरोप लगाउन अब उनले नेतृत्व गरेको नेकपा माओवादी केन्द्र बाहेक अरु दल बाँकी रहेनन् । विश्वासको मत दिनुअघि नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले त प्रतिनिधिसभाको रोष्ट्रमबाटै प्रचण्डले 'गम्भीर विश्वासघात' गरेको बताए ।

केही दिनअघि अघिल्लो सत्ता साझेदार दल नेपाली कांग्रेसका नेता रमेश लेखकले पनि प्रचण्डलाई राजनीतिक बेइमानको रूपमा चित्रण गर्न आधा घण्टा बढी समय खर्चिएका थिए ।

अघिल्लो पटकको गठबन्धन अदलबदलमा प्रचण्डको कटु आलोचना गर्नेमा एमाले नेताहरू थिए । सत्ताको सहभोज गर्न पाउँदा धोका बिर्सने दलहरूले सत्ताच्यूत हुँदा भने धोकाको अचाक्ली महसुस गर्ने गरेका छन् । यद्यपि धोका भयो भनेर चिच्याइरहँदा पनि पुन: साना शक्तिहरूको बुइ चढेर सत्ताको कुर्सीमा उक्लने आशा भने मरेको देखिँदैन ।

बुधबार संसदमा ओलीले संवाद गर्न गरेको आग्रह र शेरबहादुर देउवाको मुस्कानयुक्त स्वीकृतिले संसदीय राजनीतिमा थप नयाँ गणितीय खेलहरू अझै बाँकी छन् भन्न सकिन्छ । फलत: यो खेलको अर्को अध्यायमा पनि धोका दिने र धोका पाउनेहरू बदलिनेछन् ।

संसदीय राजनीतिमा पहिलो र दोस्रो ठूलो शक्ति मिल्ने कुरा सिद्धान्तत: नैतिक होइन । बलियो प्रतिपक्षविहीनताको अवस्थामा बलियो लोकतन्त्रको परिकल्पना गर्न सकिँदैन । यो अन्तत: कुनै न कुनै प्रकारको निरंकुशताको शिलान्यास नै हो । यद्यपि यो सम्भावनाको चर्चा पनि सुरु भइसकेको छ ।

यही संकेत गर्दै संसदमा केही नेताहरूले ठूलो स्वरमा भने, 'धोका पाएकाहरू मिले भने तिम्रो हालत के हुन्छ ?' यसरी दुई ठूला दलहरूले संसदीय व्यवस्थाको परित्यक्त वा 'डिस्पोजेबल' वस्तु बनाइदिने धम्कीले बिच्किएका प्रचण्डले आक्रोश रोक्न सकेनन् र रोष्ट्रममै उक्लिएर भनिदिए, 'मिल्न सक्छौ भने मिले हुन्छ, हिजो टाउको काट्न खोज्दा पनि मिलेकै हौ ।'

यद्यपि यो पंक्तिकार सविनय आग्रह गर्दछ कि कसैले संसदमा 'धोका पाएका नेताहरू मिले के हुन्छ ?' भनेर प्रश्न सोध्नेहरूलाई नै सोधिदेओस्, 'दलबाट पटकपटक धोका पाएका जनताहरूले पार्टी सदस्यताको तमसुक च्यातेर मिले भने के होला ? केही धोका पाउँदा नेताको मनोविज्ञान यस्तो हुने रहेछ भने धोकाबाहेक केही नपाएका जनताको मनोविज्ञान कस्तो बनेको होला ?'

### "मुसा प्रवृत्ति"को नयाँ संस्करण

०५१ को मध्यावधिपछि एमालेले संसदमा ८८ सिट जितेर संसदमा सबैभन्दा ठूलो दल बन्यो तर बहुमत कसैको आएन । एमालेका मनमोहन अधिकारी र कांग्रेसका शेर बहादुर देउवा प्रधानमन्त्री भएपछि एमालेको समर्थनमा राप्रपाका लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री बने ।

पछि कांग्रेसको समर्थनमा राप्रपाकै सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाउने तयारी भएपछि लोकेन्द्रबहादुर चन्द सरकारमा आवास तथा भौतिक योजना र परराष्ट्र मन्त्री रहेका कमल थापा सूर्यबहादुरलाई समर्थन गर्न पुगेका थिए । आफू बसेकै जहाजको तार काटेर डुवान खोजेको भन्दै चन्दले कमल थापाको व्यवहारलाई मुसा प्रवृत्ति भनी टिप्पणी गरेका थिए ।

विश्वासको मत पाउना साथ तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले भनेका थिए, 'जहाज प्वाल पारेपछि सबैभन्दा पहिले मुसा नै ज्यान बचाउन हाम फाल्छन् ।' उनले अगाडि थपेका थिए, 'त्यस्तो मुसोले पछि तपाईंहरूको जहाजलाई पनि काटेर दुर्घटना गराउनेछ र आफू भाग्नेछ ।'

तेस्रो प्रधानमन्त्रीको कार्यकालमा प्रचण्डले छोटो समयमै तीनवटा गठबन्धन बनाइदिए । अहिले उनलाई कतिपयले मुसा प्रवृत्तिको नयाँ नायक भन्न थालेका छन् ।



प्रचण्डको भूमिकाप्रति मनग्ये प्रश्न गर्न सकिन्छ । तर सँगसँगै केही प्रश्नहरूको जवाफ दिनुपर्ने हुन्छ कि प्रचण्ड कारण हुन् कि परिणाम हुन् ? कतै उनी प्रमुख दलहरूको सत्ता लिप्साको सह-उत्पादन (बायो-प्रोडक्ट) पो हुन् कि ? कतै शेरबहादुर देउवा र केपी ओलीको सत्तालिप्सा नै प्रचण्डलाई अस्थिरताको नायक बनाउने कारखाना पो हो कि ?

अर्को एउटा प्रश्न थपौं- के बहुमत जुटाउन नसक्ने दोस्रो वा पहिलो ठूलो दलले सामान्य अवस्थामा हामी अर्को निर्वाचनसम्म प्रमुख प्रतिपक्षको रचनात्मक भूमिका रहन्छौं भनेर निर्णय गर्न सक्दा प्रचण्ड वा अरु कुनै साना दलले चलाउने सत्ताको यस्ता खुद्रा पसल बन्द हुँदैनथ्यो ?

निकट इतिहास हेर्दा कमल थापालाई मुसा प्रवृत्तिको नायक बनाउन पनि यिनै पार्टीहरूले भूमिका खेलेको देखिन्छ ।

उनीहरूको कारखाना सत्तालिप्साको लोभको इन्धनले चलाउँछ । दु:खद यथार्थ त के र ह्यो भने दलभित्रका एक/दुई नेताको सत्तालिप्साको शिकार सिंगो पार्टी र राजनीतिक आन्दोलन बन्दै आयो । एकजना नेताको सत्तास्वार्थमा सिंगो पार्टी पंक्ति प्यारालाइज भयो । मौन बस्यो । विद्रोह त के विरोध पनि गर्न सकेन ।

यहाँनेर खराबको विजयको लागि आवश्यक एक मात्र चिज असल मानिसहरूले केही नगर्नु हो भन्ने भनाइ पुन: बलियोसँग पुष्टि हुन्छ । अन्याय वा गलत कामको सामनामा असल भनिनेहरूको निष्क्रियताको नतिजा आउने यस्तै हो जुन अहिले हामीले भोगिरहेका छौं । जनविश्वासलाई अरुले धोका दिंदा चुप लागेर बस्नु एक प्रकारले धोकाको खेलमै संलग्नता हो ।

यहाँ त ओली-देउवा प्रचण्डले हाँकिरहेको अस्थिरताको सवारीमा इन्धन भर्न प्रतिस्पर्धा गरिरहेका छन् । उनीहरूले खपत गरिरहेको इन्धनको मूल्य प्रधानमन्त्री पद नै हो । तसर्थ एकअर्काले प्रचण्डलाई धोकेवाज र अस्थिरताको नायक भनेर विलाप गरिरहँदा आफ्नो सत्तालिप्साको भोक लुकाउन सकिरहेका छैनन् ।

### धोकाको स्रोत

लामो समय पार्टी होस् वा राज्यको शक्तिशाली पदमा र हँदा नेतृत्वमा भ्रम पैदा हुन्छ कि यसका लागि म बाहेक अरु उपयुक्त पात्र छैनन् । फलत: उनीहरू उक्त पद प्राप्तिका लागि जस्तोसुकै सम्झौता गर्न पनि तयार हुन्छन् । यहींबाट सुरु हुन्छ धोका र अविश्वासको खेल ।

धोकाको अनुभूति सबैभन्दा बढी विश्वास गरेको बाटै हुने हो न कि शत्रुबाट । के गठबन्धनमा रहेका दलहरूबीच विश्वासको वातावरण थियो अनि छ ? यो प्रश्नको उत्तर खोज्नुअघि थप केही प्रश्न गर्नु उचित हुन्छ ।

दलका नेताहरूमा देखिएको सत्ताको अतिशयोक्तिपूर्ण भोक र राजनीतिक विचलनको स्रोत के हो ? संसदीय राजनीतिमा मौलाएको धोकाको राजनीतिले देश कहाँ पुगेको छ ? कति नवयुवाहरू बिछोडको आँसु र बिरानो भूमिमा बगेको पसिनाको कक्टेल पिएर भयानक दुस्वप्न जस्तो जीवन बाँचिरहेका छन् ?

धोकाले विश्वासमाथि दिग्विजय प्राप्त गरेको समय सिर्जना गरेर त्यसको अपजस कुनै एक पात्रमाथि थोपरेर आजको समस्या समाधान हुन्छ ? रमेश लेखकले आधा घण्टा अरुतिर औंलो तेर्स्याइर हँदा आफ्नो पार्टी र नेतृत्वको भूमिकामा एउटा प्रश्न गर्न सके ?

उनको चर्चामा रहेको संसदको भाषणमा आत्मनिरीक्षणको पक्ष असाध्यै कमजोर थियो ।

केपी ओलीले रोष्ट्रममा उभिएर भने, 'अब लिखित सम्झौता/सहमतिको कुनै अर्थ रहेन ।' यसो भनिरहँदा निकट इतिहासमा आफैंले पटकपटक लिखित सम्झौता च्यातेकोमा आत्मसमीक्षा गरे ? यसरी कागजमा लेखेर कुनै अर्थ नहुने अवस्था कसले सिर्जना गरेको हो ? प्रचण्डले पनि हो तर उनले मात्रै होइन ।

के संसदका स्थापित प्रमुख मूल्य मान्यता भत्काउन प्रमुख दलहरूको भूमिका रहेन ? के विश्वप्रकाश शर्माले प्रचण्ड र ओलीलाई प्रश्न गरिरहँदा आफ्नो सभापतिको सत्तालिप्सामाथि प्रश्न गर्न सके ?

नेपाली संसदीय राजनीतिमा धोका 'बिन बुलाए मेहमान' होइन बरु दलहरूले नै डाकेको पाहुना हो । दार्शनिकहरू भन्छन्- धोकापछि मानिसहरूबीचको सम्बन्ध बदलिन्छ । धोकाले डोऱ्याएर मानिसलाई लैजाने अप्रत्याशित मैदानमा लडाइदिन्छ जहाँ मान्छेले आफू र अरु, आफ्नो र अर्को चिन्न सक्दैन ।

धोकाको प्रतिफल धोका दिनेले मात्र होइन, धोका पाउनेले पनि भोग्नुपर्छ । यसैको नतिजा हो- हाम्रो देशको कमजोर पासपोर्ट, हाम्रो गरिबी, हाम्रो न्यून चेतना, हामी नेपालीको दु:ख ।

र, भन्न सकिन्छ संसदीय राजनीतिको धोका आपसी विश्वासमा खडा गरिएको यस्तो अवस्था हो जहाँ विश्वासका सम्बन्धहरू बाँकी छैनन् । यहाँ धोका पाउने पीडित कतिबेला धोका दिने पीडक बन्छ, भन्न मुश्किल हुन्छ । किनकि माथि भनिएजस्तै धोकाले मानिसलाई एउटा अप्रत्यासित मैदानमा लगेर उभ्याइदिन्छ ।

पूँजीवादको व्याख्या गर्दै कार्ल मार्क्स भन्थे, 'मानवीय सम्बन्धहरूमा धोकाले प्रवेश गरेको घडीदेखि त्यतिबेलासम्म जे जति ठोस थिए ती वायुमा परिणत हुन्छन्, र जे जति चिज पवित्र थिए ती सबै अपवित्र बन्दछन् ।'

मार्क्सका अनुयायी ओलीले अब लिखित कागजले काम गर्दैन भन्नु गलत होइन । किनकि धोकाले सबै पुराना बाचा, कसम र प्रतिबद्धताहरू बिर्सन भन्छ । त्यसो त, दलहरूले जनतालाई दिएको धोकाले सिंगो संविधानलाई नै विश्वास गर्न र भर पर्न नसक्ने कागजमा परिणत गरिदिएको छ ।

### "प्रचण्ड" दुरूपयोग

संसदीय राजनीतिमा आफ्नो सत्ता सुखका लागि प्रयोग भएका प्रचण्डको अवसरवाद अक्षम्य छ । बलिदानीपूर्ण राजनीति गरेर आएका प्रमुख नेताको यस्तो राजनीति आलोच्य पनि छ । सत्तालिप्त हुँदा प्रचण्ड र उनले ४ दशकदेखि एकछत्र नेतृत्व गर्दै आएको पार्टीले चुक्ता गर्नुपर्ने मूल्यबारे फरक विश्लेषण हुनसक्छ ।

प्रचण्डले दुई ठूला दललाई उपयोग गरिरहेका छन् भन्ने वाक्यको अर्को पक्ष थप दर्दनाक छ । त्यो हो, सबैभन्दा ठूला दुई दलहरू तेस्रो दलको एउटा नेताबाट दुरुपयोग भइरहेका छन् । किन दुरुपयोग भए ? जवाफ अप्ठ्यारो छैन- सत्तालिप्सा ।

०५१ सालमा मनमोहन अधिकारीको सरकार ढलेपछि कांग्रेस-एमालेले सत्तामा उक्लन तत्कालीन राप्रपालाई जस्तै गरी माओवादीको पनि दुरुपयोग गरेको छ । र, फलत: नयाँ संस्करणमा 'मुसा प्रवृत्ति' जन्माएको छ ।

उनीहरूले माओवादी आन्दोलनका उपलब्धिलाई काम पर्दा भाँडो, नपर्दा ठाँडो बनाएका छन् ।

पार्टी एकता हुँदा वा गठबन्धनमा र हँदा 'जनयुद्ध' लाई हेर्ने उनीहरूको दृष्टिकोणको बदलाव अर्को अवसरवाद र राजनीतिक बेइमानीको उत्कर्ष हो ।

माओवादी शक्तिको यो हदसम्मको दुरुपयोग गर्दै आएर यहाँनेर 'धोका पाइयो' भनेर प्रलाप गर्न उनीहरूसँग कुनै राजनीतिक नैतिकता बाँकी छैन । सत्तामा उक्लन आफ्नो भऱ्याङ बन्न तयार हुँदा माओवादी फाप्ने र अरूको भऱ्याङ बन्दा रिस उठ्ने चरित्रले सिंगो देश र जनताले नै धोका पाएको छ ।

यहाँनेर गौतम बुद्धसँग जोडिएको कथा स्मरण गर्नु उचित हुन्छ । गाउँलेहरू एक महिलालाई चरित्रहीन भएको र धेरै पुरुष र उनीहरूको घर बिगारेको आरोप लगाउँछन् । बुद्ध प्रश्न गर्छन्, 'के यो गाउँका हरेक पुरुष सही थिए भने यी महिला चरित्रहीन हुन सम्भव हुन्थ्यो होला ?'

यहाँ सत्तागमनको दुश्चक्रमा फसेका प्रचण्डसँग तुलना गर्नु ती महिलाको अपमान हुन्छ तर प्रचण्डलाई धोकेवाज बताउने दल र त्यसका नेतालाई भने त्यो गाउँका पुरुषहरूसँग निष्फिक्री तुलना गर्न मिल्छ । हुँदाहुँदा पहिलो सरकारमा सत्तापक्ष, दोस्रोमा प्रतिपक्ष र तेस्रोमा पुन: सत्तापक्षमा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी पनि त्यही बाटोमा यात्रारम्भ रहेको महसुस हुन थालेको छ जुन बाटोमा पुराना दलहरू निर्लज्ज हिंडे ।

यसको जवाफ रास्वपाले पनि हरेकपटक आफ्ना मतदातालाई दिनुपर्नेछ । सत्तासीन हुने निर्णय गर्दा रास्वपाले चुक्ता गरेको मूल्य निकै महंगो पर्नसक्छ । यद्यपि र स्वपालाई अझै शंकाको सुविधा भने बाँकी छ ।

### अधैर्य प्रतिपक्षी

सरकार, संसद, दलहरू र नागरिकबीचको सम्बन्ध अन्योन्याश्रित र अविभाज्य हुन्छ नै । कुनै एक ठाउँमा हुने कमजोरीको प्रभाव सबैतिर पर्छ । संसदीय लोकतन्त्रमा प्रतिपक्ष विनाको संसद्को परिकल्पना नै गरिँदैन । संसदीय अभ्यासको पूर्णता विपक्षी दलको अर्थपूर्ण भूमिकामा आधारित हुन्छ ।

जनमतको भार भनेको जनताले गरेको विश्वासको भार पनि हो । जति धेरै मत उति धेरै जिम्मेवार प्रस्तुति नागरिकबाट अपेक्षित हुन्छन् ।

तर, सिद्धान्तप्रतिको कमजोर प्रतिबद्धता र चर्को व्यवहारवादले जनमत अनुसार प्रतिपक्षमा पाँच वर्षसम्म बस्न यहाँ कुनै पनि प्रमुख दलहरू तयार छैनन् । तर अस्थिरताको दुश्चक्रबाट निस्कन कुनै न कुनै दलले आफ्नो पालो पर्खने धैर्यता देखाउनुपर्छ ।

अधीरताको यो चक्रले राजनीतिक अस्थिरतालाई निरन्तरता दिइरहेको छ र लोकतान्त्रिक प्रक्रियालाई कमजोर बनाइरहेको छ। राजनीतिक अस्थिरता आज सबैलाई पिरोल्ने विषय बनिरहेको छ ।

राजनीतिमा शक्तिप्रतिको आकर्षण निर्विवाद छ । अझ संसदीय प्रणालीमा त बहुमतले देशको दिशा तय गर्छ । तर प्रमुख प्रतिपक्षमा बस्नेभन्दा बहुमत जुटाएर सत्तामा पुगिहाल्ने महत्वाकांक्षाले प्रमुख दलहरूको नैतिकताका आँखा बन्द हुन्छन् र प्रतिपक्षको भूमिका रुचाउँदैनन् । यसले साना शक्तिहरूलाई पनि अप्रत्याशित रूपमा शक्तिशाली बनाइदिन्छ । सत्ता राजनीतिको असंगत खेल मौलाउँछ ।

प्रमुख प्रतिपक्षले जनादेशअनुसार अर्को चुनाव कुर्न सके कसरी साना पार्टीहरूको रजगज चल्थ्यो र ? यस्तो नीतिगत निर्णय गरेको दिनदेखि पल्टुरामहरूको गठबन्धन बदल र केही नेता र गुटको अदल बदलको खुद्रा पसल बन्द भइहाल्थ्यो ।

प्रतिपक्ष दल राज्यकै एउटा महत्वपूर्ण हिस्सा हो । सरकारले गरेका गलत कामको संसदमा खबरदारी गर्ने, संसद र सडकबाट स्थापित गरेका तिनै मुद्दालाई चुनावी एजेण्डा बनाएर सत्ताको बाटो खोल्ने र सत्तामा आउने सिद्धान्त र अभ्यास नै संसदीय राजनीति हो ।

सरकार कति छिटो बदलिन्छ भन्ने कुरा प्रतिपक्षले कति छिटो आफ्नो धैर्यता गुमाउँछ भन्नेमा निर्भर हुन्छ । किनकि प्रतिपक्षले सत्ताको लागि अधैर्यता देखाउनुको प्रतिफल सत्ता परिवर्तन हो ।

जब प्रतिपक्ष सरकारमा रहे संसद नै विघटन गर्ने र विपक्षमा रहे संसद नै चल्न नदिने अतिसम्म पुग्छ र सम्झौता गर्नुपर्दा पटकपटक धोका पाएको शक्तिसँग अंकमाल गर्न पनि हतार गर्दैन भने समस्या सिर्जना भइहाल्छ ।

यो पृष्ठभूमिमा कुनैबेलाका कमल थापा र अहिलेका प्रचण्ड राजनीतिक अस्थिरताका कारण होइनन्, परिणाम हुन् । अर्को भाषामा भन्दा बाइप्रडक्ट । कारण त प्रमुख प्रतिपक्षी दल बन्न म्यान्डेट पाएको दल हो । पहिलो र दोस्रो दलमा रहेका सबै दलहरूले आफ्नो समयमा राजनीतिक अस्थिरताको कारखाना चलाउँदै आएका छन् । राजनीतिक कारखाना जारी राखेर उत्पादनलाई गाली गर्दै बस्नु अनैतिक काम सँगसँगै समयको बरबादी पनि हो ।

प्रचण्डको ओरालो यात्रामा दौडिरहेको गाडीमा इन्धन कसले भरिरहेको छ ? कहिले देउवा त कहिले ओलीले । ओली र देउवाको सत्तामा पुग्ने हतारसिर्जित इन्धनले दौडिएको प्रचण्डको अस्थिर सवारीलाई यदि कसैले रोक्न सक्छन् भने ती देउवा र ओली नै हुन् ।

प्रचण्डको हातमा सत्ताको चाबी कसले थमाइदिएका हुन्, जनताले ? यदि जनताले हो भने कि परिणाम सहनुपऱ्यो कि परिणाम बदल्नेगरी निर्वाचन प्रणाली बदल्नुपऱ्यो । अहिले पनि कांग्रेस र एमाले मिल्दा आधारभूत रूपमा निर्वाचन प्रणाली सुधार गर्न सक्छन् ।

यदि प्रचण्डको हातमा चाबी कांग्रेस र एमाले र अझ खासगरी देउवा र ओलीले सुम्पिएका हुन् भने अनुहार पुछ्नुपर्छ, ऐना पुछेर केही हुनेवाला छैन ।

प्रचण्डलाई अस्थिरताको सत्ता-सवारी बेरोकतोक दौडाउन मार्गप्रशस्त कसले गरिरहेका छन् ? यहाँ कांग्रेस पार्टीको स्वार्थ बढी छ कि शेरबहादुर देउवा र उनको समूहको ? केपी ओलीको स्वार्थ बढी जिम्मेवार छ कि नेकपा एमालेको ? यो प्रश्न गर्ने हैसियत सम्बन्धित पार्टी र नेताहरूले गुमाएसम्म रोइकराइ र गालीगलौजले मात्र स्थिति बदल्न सक्नेछैन ।

दलका सीमित नेताको स्वार्थमा हुने सत्ताको सौदाबाजी र यसप्रति सिंगो पार्टी पंक्तिको मौनता राजनीतिक अस्थिरताको लागि सबैभन्दा बढी दोषी छ । कुनैबेला प्रचण्ड संसदीय राजनीतिको अब्बल खेलाडी थिएनन् । यो खेल उनले यहीं आएर सिके र सिकाउने गुरुहरू चीरपरिचित नै छ न् ।

संसदीय राजनीति गणितको खेल हो । त्यो खेल पनि कम्तीमा पनि न्यूनतम इमान्दारिका साथ खेलिनुपर्छ, तर त्यसरी खेलिएन । प्रचण्डले धोकाको बदला धोका दिएका हुन् न कि विश्वासको बदला अविश्वास । कुनै बेला माओवादी ठूलो दल हुँदा पनि यस्तै खेल खेलियो । तेस्रो दलका नेताहरू प्रधानमन्त्री बनाइए ।

२०७९ जेठ दोस्रो साता संसद विघटनलगायतका घटनापछि २८९ दिनपछि रोष्ट्रममा उक्लिएका ओलीले भनेका थिए, 'इतिहासले निर्ममताका साथ हरेकका कामको मूल्याङ्कन गर्नेछ ।' आक्रोशमा र दलगत आवश्यकताका आधारमा बोलिएका र गरिएका हरेक क्रियाकलापको इतिहासमा मूल्याङ्कन हुनेछ ।

लोकतन्त्रमा कुनै दल खुम्चन सक्छ, फैलन सक्छ, एउटा सकिनसक्छ र नयाँ जन्मिनसक्छ । तर यी सबैको मूल्यमा लोकतन्त्र बाँचिरहनुपर्छ । संसद र समग्र र ाजनीतिक प्रक्रियाप्रति जनविश्वास किन खस्किइरहेको छ ? यसको जवाफ समयले खोज्ने नै छ ।

*(स्रोत: अनलाइनखबर)*

# यी हुन् आईपीएल २०२४ का सर्वाधिक १० महँगा खेलाडी



काठमाडौं/विश्व क्रिकेटको सर्वाधिक लोकप्रिय फ्रेन्चाइज टी-२० क्रिकेट प्रतियोगिता इन्डियन प्रिमियर लिग (आईपीएल) चैत ९ गतेदेखि भारतमा सुरू हुँदैछ । आईपीएल विश्वमा क्रिकेट खेलाडीलाई धेरै पैसा दिने लिगमध्ये पर्दछ ।

चेन्नइ सुपर किंग्स र मुम्बई इन्डियन्सले सर्वाधिक समान पाँच आईपीएल ट्रफी उपाधि जितेका छन् । चेन्नइले महेन्द्रसिंह धोनी र मुम्बईले रोहित शर्माको कप्तानीमा उपाधि जितेका थिए ।

गत डिसेम्बरमा अस्ट्रेलियाका तीव्र गतिका बलर मिचेल स्टार्कले अक्सनमा झण्डै ४० करोड रुपैयाँ प्राप्त गरे । अक्सनमा खेलाडीले न्यूनतम मूल्य २० लाख भारु र उच्च २ करोड भारु राख्न पाउँछन् । खेलाडी मूल्य अक्सनमा भर पर्छ । कुनै खेलाडी धेरै टोलीलाई आवश्यक परेमा उसको मूल्य उच्च हुने गर्दछ । तीव्र गतिका बलर र अलराउण्डर पहिलो रोजाइमा पर्ने गर्दछन् ।

सन् २०२४ मा विदेशी खेलाडीमा बढी लगानी देख्न सकिन्छ । २०२४ मा सर्वाधिक मूल्य पाउने १० मध्ये ६ विदेशी खेलाडी नै छन् । यी हुन् आईपीएल २०२४ का सर्वाधिक मूल्य पाउने १० खेलाडी ।

**१. मिचेल स्टार्क- ३९ करोड ५० लाख रुपैयाँ (कोलकता)**

अस्ट्रेलियाका तीव्र गतिका बलर मिचेल स्टार्क आईपीएल इतिहासमा सर्वाधिक मूल्य पाउने खेलाडी हुन् । गति र योर्करका लागि माहिर स्टार्क बिग म्याच प्लेयर मानिन्छन् । अस्ट्रेलियालाई दुई एक दिवसीय विश्वकप, एक टी-२० विश्वकप र टेस्ट च्याम्पियनसिपको उपाधि जिताउन उनको योगदान महत्वपूर्ण छ ।

स्टार्कले २०१५ पछि परिवार र देशलाई प्राथमिकतामा राख्दा आईपीएल खेलेका छैनन् । अक्सनमा २ करोड न्यूनतम मूल्य राखेका उनलाई किन्न दिल्ली, मुम्बई, कोलकता र गुजरातबीच कडा प्रतिस्पर्धा भएको थियो ।

सुरूवातमा दिल्ली र मुम्बई ९ करोड ६० लाख भारुसम्म भिडेका थिए । कोलकताले ९ करोड ८० लाखबाट अक्सनमा मूल्य लगाउन थालेको थियो । गुजरातले पनि रुची देखाएपछि कोलकाताले २४ करोड ७५ लाख भारु (३९ करोड ५० लाख रुपैयाँ) खर्चेर स्टार्कलाई टोलीमा ल्याउन सफल भएको थियो ।

**२. प्याट कमिन्स- ३२ करोड ८० लाख रुपैयाँ (हैदराबाद)**

अस्ट्रेलियाका तीव्र गतिका बलर प्याट कमिन्स आईपीएल अक्सनमा २० करोड माथि मूल्य पाउने पहिलो क्रिकेटर हुन् । गत नोभेम्बरमा विश्वकपको फाइनलमा अपराजित भारतलाई उसकै घरेलु मैदानमा हराउन कमिन्सले उत्कृष्ट कप्तानी र प्रदर्शन गरेपछि धनको वर्षा हुन पुगेको थियो ।

कमिन्स तीव्र गतिसँगै तल्लोक्रममा ठूलो सटको क्षमता राख्छन् । न्यूनतम २ करोड भारु मूल्य राखेका उनलाई किन्न चेन्नइ, मुम्बई, बेंग्लोर र हैदराबादबीच अक्सनमा प्रतिस्पर्धा चलेको थियो ।

चेन्नइ ७ करोड ६० लाख भारुबाट पछि हटेको थियो । त्यसपछि अक्सनमा बेंग्लोर र हैदराबादबीच प्रतिस्पर्धा भएको थियो । हैदराबादले २० करोड ५० लाख भारु (३२ करोड ८० लाख रुपैयाँ) मा किनेको थियो । यसअघि कमिन्सले २०२१ र २०२२ को सिजनमा १५ करोड ५० लाख भारुमा कोलकताबाट खेलेका थिए । हैदराबादको कप्तानी कमिन्सले गर्नेछन् ।

**३. साम करन- २९ करोड ५३ लाख रुपैयाँ (पञ्जाब)**

इंग्ल्यान्डका युवा अलराउन्डर साम करनलाई गत वर्ष पन्जाब किंग्सले १८ करोड ५० लाख भारु (२९ करोड ५३ लाख रुपैयाँ) मा किनेको थियो । इंग्ल्यान्डलाई २०२२ को टी-२० विश्वकप उपाधि जिताउन साम करनले १३ विकेट लिँदै उत्कृष्ट प्रभाव छाडेका थिए । करनले तीव्र गतिसँगै तल्लोक्रममा राम्रो ब्याटिङ गर्दछन् ।

**४. क्यामरन ग्रीन - झण्डै २८ करोड रुपैयाँ (बेंगलोर)**

अस्ट्रेलियाका तीव्र गतिका बलिङ अलराउन्डर क्यामरन ग्रीन यस पटक बेंगलोर पुगेका छन् । उनलाई गत वर्ष अक्सनमा मुम्बई इन्डियन्सले १७ करोड ५० लाख भारु (झण्डै २८ करोड रुपैयाँ) मा किनेको थियो । त्यही मूल्य उनले बेंगलोरमा पनि पाउनेछन् । उनले ओपनिङदेखि तल्लोक्रमसम्म ब्याटिङ गर्नुको साथै तीव्र गतिमा बलिङ गर्छन् ।

**५. लोकेश राहुल- २७ करोड रुपैयाँ (लखनउ)**

भारतीय विकेटकिपर लोकेश राहुललाई २०२३ मा लखनउ सुपर जायन्ट्सले १७ करोड भारु (२७ करोड रुपैयाँ) मा अनुबन्ध गरेको थियो । मेगा अक्सनअघि पञ्जाब छाडेर राहुल लखनउ पुगेका थिए । लखनउले ओपनिङ ब्याटिङमा उत्कृष्ट प्रदर्शन र कप्तानको रूपमा महँगो मूल्य खर्चिएको थियो ।

**६. आन्द्रे रसेल- २५ करोड ५५ लाख रुपैयाँ (कोलकता)**

वेस्टइन्डिजका आक्रामक फिनिसर आन्द्रे रसेललाई कोलकताले १६ करोड भारु (२५ करोड ५५ लाख रुपैयाँ) मा अनुबन्ध गरेको थियो । कोलकाताबाट तल्लोक्रममा लगातार उत्कृष्ट ब्याटिङ गरेपछि मेगा अक्सनअघि नै उनलाई टोलीमा अनुबन्ध गरिएको थियो ।

**७. रवीन्द्र जडेजा- २५ करोड ५४ लाख रुपैयाँ (चेन्नइ)**

भारतीय अलराउन्डर रवीन्द्र जडेजालाई चेन्नइले २०२२ देखि १६ करोड भारु (२५ करोड ५५ लाख रुपैयाँ ) दिँदै आएको छ । गत वर्ष फाइनलमा जडेजाले अन्तिम दुई बलमा १० रन चाहिँदा गुजरातका मोहित शर्मालाई छक्का र चौका प्रहार गर्दै चेन्नइलाई उपाधि दिलाएका थिए ।

२०२२ मा धोनीले जडेजालाई कप्तानी सुम्पिएका थिए । तर टोली र आफ्नो खराब प्रदर्शन भएपछि जडेजाले धोनीलाई पुन: कप्तानी गर्न आग्रह गरेका थिए । जडेजा चेन्नइका प्रमुख अलराउन्डर हुन् ।

**८. ऋषभ पन्त - २५ करोड ५५ लाख रुपैयाँ (दिल्ली)**

भारतीय आक्रामक विकेटकिपर ऋषभ पन्तलाई दिल्ली क्यापिटल्सले २०२२ देखि १६ करोड भारु (२५ करोड ५५ लाख रुपैयाँ ) दिँदै आएको छ । दिल्लीको टोलीबाट पन्तले लगातार राम्रो गर्दै आएका छन् । उनले गत वर्ष कार दुर्घटनाको कारण पूरै सिजन गुमाएका थिए । पन्तले यस पटक आईपीएलमार्फत नै क्रिकेटमा पुनरागमन गर्दैछन् ।

**९. रोहित शर्मा - २५ करोड ५५ लाख रुपैयाँ (मुम्बई)**

मुम्बईलाई पाँच ट्रफी दिलाउने ओपनर रोहित शर्माले १६ करोड (२५ करोड ५५ लाख रुपैयाँ) पारिश्रमिक पाउनेछन् । रोहित २०११ देखि लगातार मुम्बईमा रहँदै आएका छन् ।

उनको कप्तानीमा मुम्बईले २०१३, २०१५, २०१७, २०१९ र २०२० मा उपाधि जितेको थियो । रोहितले २०१३ देखि २०२३ सम्म मुम्बईको कप्तानी गरे । तर यस पटकदेखि मुम्बईको कप्तानी हार्दिक पान्ड्याले गर्नेछन् ।

**१०. निकोलस पुरन - २५ करोड ५५ लाख रुपैयाँ (लखनउ)**

वेस्टइन्डिजका युवा विकेटकिपर निकोलस पुरनलाई २०२३ को अक्सनमा लखनउले १६ करोड भारु (२५ करोड ५५ लाख रुपैयाँ) खर्चेको थियो । बायाँ हाते ब्याटर पुरन आक्रामक क्रिकेट र ठूला सटका लागि चर्चित छन् ।

स्पिनरविरुद्ध उत्कृष्ट ब्याटिङ गर्ने हुँदा अक्सनमा महँगो मूल्य पाएका थिए । २०२३ को अक्सनमा उनलाई किन्न चेन्नई, राजस्थान, दिल्ली र लखनउ भिडेका थिए ।*(स्रोत: अनलाइनखबर)*

# परिवारवाद र नातावाद...

आफू सत्तामा हुँदा सकेसम्म उनले परिवारका सदस्यलाई कुनै न कुनै लाभका पदमा पुऱ्याएका छन् । यसले गर्दा उनलाई परिवार वादमा लिप्त भएको आरोप लाग्नु स्वाभाविकै हो । विरोधीले मात्रै होइन, पार्टीभित्रकै नेताले समेत प्रचण्ड परिवारवादमा लिप्त भएको आरोप लगाउने गरेका छन् । अहिले फेरि आफ्ना भाइ नाता पर्ने नारायण दाहाललाई राष्ट्रियसभा अध्यक्ष बनाए । यसले विरोधीहरूलाई कुरा काट्ने र आरोप लगाउने आधार बनेको छ ।

फागुनमै सम्पन्न माओवादी स्थायी कमिटी बैठकबाट अध्यक्ष प्रचण्डले बुहारी बिनालाई सुदूरपश्चिम प्रदेशको सह-इन्चार्ज बनाएका थिए । सुरुमा राष्ट्रियसभा अध्यक्षका लागि उपाध्यक्ष उर्मिला अर्याल र झक्कु सुवेदीको चर्चा थियो । चर्चा अनुसार उनीहरूले पाउन सकेनन् । त्यसो त सुरेश आलेमगरले पनि रुचि देखाभएका थिए । उपाध्यक्ष एमालेले लिने सहमति भएपछि अध्यक्षमा अर्याललाई अगाडि बढाउने अनुमान धेरैको थियो तर अनुमानले फेल खायो । प्रचण्डले पार्टीमा आफन्तवाद भित्र्याएको यो पहिलोपटक भने होइन । यसको सुरुवात उनले २०६५ सालमा पहिलोपटक सरकारमा गएदेखि गरेका थिए । सुरुमा परिवार र त्यसपछि आफ्ना आसेपासेलाई मात्रै अवसर दिने गरेको आरोप प्रचण्डमाथि लाग्दै आएको छ ।

उनले छोरीलाई मेयर, स्वकीय सचिव बनाउनेदेखि भाइलाई राष्ट्रियसभा अध्यक्ष, ज्वाइँलाई मन्त्री बनाउने र काका नाता लगाउनेलाई राजदूतको नियुक्ति दिलाएको छताछुल्ल छन् । यी ढाँटेर ढाँट्ने र लुकाएर लुक्ने कुरा भएनन् । यी त सबैलाई थाहा भएका कुरा हुन् ।

*(साभार: रातोपाटी)*

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बकैयाको महेन्द्र माविमा निर्वाचनबाट नयाँ समिति



साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ मकवानपुरको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिका-४ मा रहेको महेन्द्र माविमा स्थानीय तहको निर्वाचनको झल्को दिनेगरी विद्यालय व्यवस्थापन समितिको निर्वाचन भएको छ ।

सहमतिको प्रयास असफल भएपछि भएको निर्वाचनले स्थानीय तहको निर्वाचनको झल्को दिएको थियो । मतदानस्थल पनि स्थानीय तह तथा केन्द्र, प्रदेशको निर्वाचन जस्तै व्यवस्थित गरिएको थियो । निर्वाचनको लागि आवश्यक ब्यालेट बक्स पनि निर्वाचन आयोगबाट ल्याइएको थियो । निर्वाचनको लागि एक दर्जन बढी सुरक्षाकर्मी परिचालन गरिएको थियो भने ७ जना उम्मेदवारले निर्वाचन प्रतिनिधि खटाएका थिए ।

बकैया गाउँपालिकाको सबैभन्दा धेरै विद्यार्थी अध्ययन गर्ने विद्यालयको नेतृत्व हत्याउनको लागि स्थानीय राजनीतिक दलले अघोषित प्यानलनै बनाएर निर्वाचनमा होमिएका थिए । आवश्यक ४ जना सदस्यको निर्वाचनको लागि दुबै प्यानलबाट ७ जनाको उम्मेवारी परेको थियो । निर्वाचनमा कम्युनिष्ट घटक नजिकका उम्मेदवारले जित हासिल गरेका छन् । ५ सय ७० मतदाता रहेको विद्यालयमा ४७० मत खसेको थियो ।

निर्वाचनमा एमाले-माओवादी निकटको गठवन्धनवाट मानबहादुर वाइवा (२७६), मदन लामा (२८२), सीता माझी (२८३) र उर्मिला स्याङ्तान (३६६) विजयी भएका छन् । विजयी उम्मेदवारको बिहीवार नै बसेको बैठक्ले पर्शुराम गौतम र सुस्मिता घोरासैनीलाई विद्यालय व्यवस्थापन समितिमा मनोनित गरेको थियो । बैठले मनोनितमध्यको गौतमलाइ विद्यालय ब्यबस्थापन समितिको अध्यक्षमा निर्वाचित गरेको छ ।

# उपभोक्ता अधिकारमा योगदानकर्ताको सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ हेटौंडामा १५ मार्च: 'विश्व उपभोक्ता अधिकार दिवस'को अवसरमा मकवानपुरमा उपभोक्ताको हितमा विभिन्न क्षेत्रबाट योगदान पुऱ्याउनेलाई सम्मान गरिएको छ ।

उपभोक्ता हित संरक्षण मञ्च मकवानापुरले उपभोक्ता अधिकारका क्षेत्रमा काम गरेका कर्मचारी र पत्रकारलाई सम्मान गरेको हो । मञ्चले मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी झरेन्द्र चापागाई र उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयकी उद्योग अधिकृत टीका शर्मालाई सम्मान गरेको छ । सरकारी निकायबाट उपभोक्ता हित संरक्षणका लागि नीतिगत सुधारसँगै कानुनी प्रक्रिया पूरा गरी उपभोक्ताको अधिकारका सवालमा काम गरेको भन्दै चापागाईं र शर्मालाई सम्मान गरिएको हो ।

पत्रकारिताका माध्यमबाट उपभोक्ता अधिकारका क्षेत्रमा काम गरेको भन्दै पत्रकार शिवकुमार काशी, मणिराज गौतम, सरला अधिकारी, एमपी शर्मा, गणेश दर्पण अधिकारी, सुजन पुडासैनी र गणेश दुलाललाई सम्मान गरिएको छ । सम्मानित हुने पत्रकारले पत्रकारिताका माध्यमबाट उपभोक्तालाई अधिकारका विषयमा सुसूचित गर्न तथा बजार व्यवस्थापनमा भूमिका खेलेको मञ्चले जनाएको छ ।

हेटौंडा उपमहानगरकी मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । लामाले सरकारको पहलले मात्र उपभोक्ता हित तथा संरक्षणाका अधिकारले पूर्णता नपाउने बताइन् । उपभोक्ता स्वयं आफ्ना अधिकारमा सचेत हुन जरुरी रहेको औंल्याइन् । विकाससँगै रैथाने परिकार र स्थानीय उत्पादन लोप हुँदै गएको उनको भनाई थियो ।

उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय उपाध्यक्ष बासु खतिवडाले सरकारले उपभोक्ता अदालत स्थापना गरेर काम अघि बढाउनु पर्ने बताए । उपभोक्ताको अधिकारलाई कुन्ठित बनाउने काम गर्ने व्यवसायी तथा उत्पादकलाई राज्यले अनुगमन तथा नियमन गरी कानुनी दायरामा ल्याउन जरुरी रहेको उनको भनाई छ । उद्योग तथा बस्तु उत्पादनको अनुमति दिने, अनुगमन तथा नियमन गर्ने निकायले अभियोजन दर्ता गर्ने नेपालको परिपाटी बदल्नु पर्ने खतिवडाले बताए ।

# सात महिनामा १५ हजार बढीले गराए आयुर्वेदिक उपचार




साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ मकवानपुरमा आयुर्वेदिक उपचारप्रति आकर्षण बढ्दै गएको तथ्यांकले देखाएको छ । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र हेटौंडाका अनुसार चालु आर्थिक वर्षको सात महिनामा १५ हजार ३३९ जनाले सेवा लिएका छन् ।

जसमा महिला ७ हजार ७८७ र पुरुष ७ हजार ५५२ जनाले आयुर्वेदसम्बन्धी सेवा लिएका हुन् । चालु आवको सात महिनामा ५ हजार ५२९ महिलासहित १० हजार ७८९ जना नयाँ सेवाग्राही थपिएका छन् । चार हजार ५५० जना सेवाग्राही पुनरावृत्त भएको तथ्यांक छ । नयाँ र पुनरावृत्त भएका सेवाग्राहीको तथ्यांकले आयुर्वेदप्रति आकर्षण बढ्दै गएको देखिन्छ ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र हेटौंडाका आयुर्वेद चिकित्सक डा.ललिता पाण्डेका अनुसार ६ महिना उमेर समूहको ३३ जना, ७ देखि ११ महिना सम्मको १७८ जना, १ वर्षदेखि ४ वर्षसम्मको ३७९, ५ वर्षदेखि १६ वर्षसम्मको ५४३ जनाले सेवा लिएको तथ्यांक छ । त्यस्तै, १७ देखि ५९ वर्ष उमेर समूहका ८ हजार ४७३ जना र ६० वर्षमाथि उमेर समूहका ५ हजार ७३३ जनाले सेवा लिएका छन् ।

चालु आर्थिक वर्षको सात महिनामा १४ हजार ७१५ जनाले बहिरङ्ग सेवा, २ हजार ४७ जनाले पञ्चकर्म र पूर्वकर्म सेवा, २७५ जनाले शल्यचिकित्सक सेवा, एक हजार ४२१ जनाले जेष्ठ नागरिक सेवा लिएका हुन् । दुई सय ६५ जनाले स्तनपायी आमा तथा शिशुसेवा, एक हजार ४५१ जनाले फिजियोथेरापी सेवा, १ हजार १९६ जनाले अकुपंञ्चर सेवा, एक हजार ३०३ जनाले प्रयोगशाला (ल्याब) सेवा र ९२४ जनालाई योग सेवा दिइएको छ ।

आयुर्वेद स्वास्थ्य केन्द्र प्रमुख डा. पाण्डेका अनुसार विगतभन्दा दिन प्रतिदिन आयुर्वेदप्रति सेवाग्रहीको आकर्षण बढ्दै गएको छ । आयुर्वेदिक औषधिले अन्यभन्दा स्वास्थ्यमा कम असर गर्ने विश्वाससँगै यसतर्फ आकर्षण बढ्दै गएको हो । विशेषगरी ग्यास्ट्रिक, हाडजोर्नी तथा नसाको दु:खाइ, पायल्स, रुघाखोकी, ज्वरोलगायतका स्वास्थ्य समस्या लिएर बिरामी आउने गरेको डा.पाण्डेको भनाइ छ । केन्द्रमार्फत् नेपाल सरकारले निर्धारण गरेको २३ थरीका औषधी नि:शुल्क वितरण गरिएको छ ।

# मकवानपुरसहित जिल्लाका सुरक्षा अधिकारीलाई गृहमन्त्रीको १० बुँदे निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ मकवानपुरसहित ७७ वटै जिल्ला सुरक्षा समितिका अधिकारीहरुलाई उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले मुलुकमा दण्डहिनताको अन्त्य गर्ने, फरार अपराधी नियन्त्रणलगायत तत्काल देखिने काम गर्न निर्देशन दिएका छन् ।

बिहीबार साँझ सिंहदरबार स्थित मन्त्रालयबाट जिल्ला सुरक्षा समितिका अधिकारीहरुलाई गृहमन्त्री लामिछानेले 'भर्चुअल' निर्देशन दिएका हुन् । अबको तीन महिनाभित्र गृहको हरेक सूचकमाथि जाने गरी काम गर्नुपर्ने उनको निर्देशनमा उल्लेख छ । 'अबको ९० दिनमा गृह मन्त्रालयका हरेक सूचक माथि जानुपर्छ । गएन भने गम्भीर समीक्षा हुन्छ । र, काममा आलटाल गर्ने, निर्देशन पालना र लक्ष्य पूरा नगर्नेको मूल्यांकन हुन्छ,' उनले भनेका छन् ।



कम्तीमा ३ महिनामा कायापलट हुनुपर्ने उल्लेख गर्दै लामिछानेले भने, 'तस्कर र गुण्डा तपाइले चिन्नुभएकै छ, मैले चिनाउनु पर्दैन ।' राजस्व छल्ने र तस्करी गर्नेलाई नियन्त्रण गरी कानुन अनुसार कारबाही गर्न आफूलाई सोध्नु नपर्ने लामिछानेले बताए । विमानस्थलमा खादा र माला लिएर नआउनुस् भन्ने निर्देशन दिँदै लामिछानेले भनेका छन्, 'राम्रो काम गर्नेलाई खोज्न म आफैँ आउँछु ट्याक्सी लिएर ।'

कार्यक्रममा गृह मन्त्रालयका सचिव एकनारायण अर्याल, प्रहरी महानिरीक्षक बसन्त कुँबर, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धानका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक ओकप्रकाश जोशीले पनि जिल्ला सुरक्षा समितिका अधिकारीलाई सुरक्षा, सुशासन, सेवाप्रवाह, नागरिक सेवालगायत विषयमा निर्देशन दिएका थिए ।

# भीमफेदीमा रिभर साइट क्रिकेट प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/भीमफेदी गाउँपालिका-१, मा तेस्रो संस्करणको '६ ए रिभर साइट क्रिकेट प्रतियोगिता' हुँदैछ । रेड स्वाइल क्रिकेट क्लबको आयोजना र मकवानपुर जिल्ला क्रिकेट संघको प्राविधिक सहयोगमा एकदिवसीय क्रिकेट प्रतियोगिता आयोजना हुन लागेको हो ।

बिहीबार हेटौंडामा आयोजित पत्रकार सम्मेलनमा आयोजकले प्राकृतिक वातावरण संरक्षण गर्न, प्रकृतिमा समाहित हुन र बाह्य माहोलमा घुलमिल गराउन प्रतियोगिताको आयोजना गरिएको जानकारी गराएको छ ।

पिकनिकको ढंगले सञ्चालन हुने प्रतियोगितामा खेलाडीलाई नि:शुल्क खाना र खाजाको व्यवस्था मिलाइएको छ । अनुपप्रसाद सेनुरियाको संयोजकत्वमा हुने प्रतियोगितामा कर्रा सुपर किङ, गोदावरी स्टिल, शुभ डेरी, भ्याबसन क्रिकेट क्लब, निपटा क्रिकेट क्लब र हेटौंडा एकेडेमी गरी ६ वटा टिमले सहभागिता जनाउने छन् । खेलाडी टिमको दर्ता शुल्कबाट प्रतियोगिता आयोजनाका लागि सहयोग जुट्नेछ ।

गतवर्ष ६ वटै टिमको सहभागिता रहेको यस प्रतियोगितामा यसपटक समय अभावका कारण ६ वटा टिममात्र सहभागी गराइएको संयोजक सेनुरियाले बताए । लिग प्रणालीमा हुने प्रतियोगिताको विजेता र उपविजेता टिमलाई नगद, शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ । उत्कृष्ट बलर, ब्याटर र प्लेयर अफ द सिरिजलाई पनि पुरस्कृत गरिने छ । यस वर्ष प्रतियोगितामा पुरस्कार राशि बढाइएको छ भने करिब ३ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । गतवर्ष हेटौंडा एकेडेमी विजेता र निपटा क्रिकेट क्लब उपविजेता बनेको थियो ।

# पछिल्लो १०० दिनमा विशेष अदालतबाट २२३ मुद्दा फैसला

काठमाडौं, १ चैत/ विशेष अदालतले पछिल्लो १०० दिनमा अहिलेसम्मकै धेरै मुद्दा फर्स्योट गरेको छ । विशेष अदालतको अभिलेख अनुसार ३२८ मुद्दा रहेकामा अहिले घटेर १५९ मा झरेको छ ।

अध्यक्ष टेकनारायण कुँवरसहितका न्यायाधीशहरु आएको १०० दिन पुगेको अवसरमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा विशेष अदालतले यो अवधिमा २२३ वटा मुद्दा फैसला गरेको जानकारी दिएको छ । यस अवधिमा नयाँ ५४ वटा मुद्दा थपिएका छन् । असार मसान्तभित्र पुराना मुद्दाहरु बाँकी नराख्ने नीति रहेको प्रवक्ता धनबहादुर कार्कीले बताए ।

विशेष अदालतमा दुई वर्ष नाघेका मुद्दा ८ वटामात्रै छन् । १८ महिना नाघेका मुद्दा ११ वटा छन् । यी मुद्दालाई उच्च प्राथमिकतामा राखिएको प्रवक्ता कार्कीले बताए । उनका अनुसार, कतिपय नक्कली प्रमाणपत्रका मुद्दाहरु भारतस्थित शैक्षिक निकायमा गएर प्रमाणीकरण गर्नुपर्ने भएकाले मुद्दा फर्स्योट गर्न समय लागेको हो ।

विशेष प्रकृतिका मुद्दाहरु छिटोछरितो ढंगले न्याय निरुपण गर्ने उद्देश्यले २०५९ सालमा विशेष अदालतको स्थापना भएको थियो । विशेष अदालतले भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र राज्यविरुद्धको कसुरको मुद्दा हेर्ने गरेको छ । उच्च अदालतका न्यायाधीश सरहका न्यायाधीश अध्यक्ष र सदस्य हुने विशेष अदालतमा अहिले ६ जना न्यायाधीशको दरबन्दी छ ।

**"स्मार्ट कोर्ट बनाउने घोषणा"**

विशेष अदालतले आफूलाई छिटो छरितो न्याय सम्पादन गर्ने 'स्मार्ट कोट'को रुपमा रुपान्तरण गर्ने घोषणा गरेको छ । सूचना प्रविधिको उच्चतम प्रयोग गरी छिटो छरितो न्याय सम्पादन गर्ने भन्दै विशेष अदालतले अनलाइनबाटै साक्षी बकपत्र र बहससम्मको सुविधा दिने योजना बनाएको हो ।

विहीबार विशेष अदालतमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष टेकनारायण कुँवरले सूचना प्रविधिको अधिकतम उपयोग गरी छिटोछरितो न्यायनिरुपण गर्ने बताए ।

'अहिले हामी पुराना मुद्दालाई फर्स्योट गर्ने प्राथमिकतामा छौं' उनले भने, 'कानुनको म्यादभित्रै मुद्दा फैसला हुँदो रहेछ भन्ने सन्देश दिन खोजेका छौं ।' कानुनमा उल्लेख भए अनुसार ६ महिनाभित्रै मुद्दाको फैसला गर्ने गरी तयारी थालिएको बताए ।

विशेष अदालतले देशभर विभिन्न ठाउँमा रहेका साक्षीहरुलाई सम्बन्धित जिल्ला वा उच्च अदालतबाट अनलाइन बकपत्रको सुविधा दिने तयारी थालेको छ । त्यसका लागि सम्बन्धित व्यक्ति आफू बसेको ठाउँको पायक पर्ने जिल्ला अदालत वा उच्च अदालतमा गए पुग्छ । त्यसैगरी अनलाइनबाटै मुद्दाको सुनुवाइका लागि पनि तयारी भएको उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# अनेरास्ववियुको कार्यालय स्थापना

हेटौंडा, १ चैत/नेकपा एमालेको भातृसंगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) मकवानपुरको बिहीबार कार्यालय स्थापना गरिएको छ ।

हेटौंडा-५, स्थित नेकपा एमाले पार्टी कार्यालयमा अनेरास्ववियु मकवानपुर जिल्ला कमिटीको कार्यालय स्थापना गरिएको अध्यक्ष अमृत बर्तौलाले जानकारी दिए । कार्यालयको अनेरास्ववियु केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला इञ्चार्ज भुवन मैनालीले एक कार्यक्रमबीच स्थापना गरेका हुन् ।


## नवीकरण सम्बन्धी सूचना

नेपाल निर्माण व्यवसायी महासंघको आयोजना तथा निर्माण व्यवसायी संघ मकवानपुरको सह आयोजकत्वमा नेपाल निर्माण व्यवसायी महासंघको २५ औं वार्षिक साधारण सभा मिति २०८० चैत्र १६ र १७ गते गते हेटौंडामा हुन गईरहेको सहर्ष जानकारी गराउदछौं ।

साथै, यस संघमा दर्ता रहनु भएका निर्माण व्यवसायीहरुले नेपाल निर्माण व्यवसायी महासंघको २५ औं वार्षिक साधारण सभामा सहभागी हुन मिति २०८० चैत्र ७ गते सम्ममा २०८०/०८१ को अनिवार्य रुपमा यस संघमा नविकरण गराउनुहुन हार्दिक अनुरोध गर्दछौं । साथै, २५ औं बार्षिक साधारण सभामा सहभागी हुन अनिवार्य नवीकरण गर्नुपर्ने व्यवस्था भए अनुसार तोकिएको समय भित्रमा नवीकरण गर्नु गराउनु हुन सम्पूर्ण नवीकरण हुन बाँकी रहेका फर्म/कम्पनीहरुलाई समेत यसै सूचना मार्फत जानकारी गर्दछौं ।

राजेन्द्र प्रसाद चौलागाई
महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**



हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना